जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक १४, २०७८ साल असोज ८ गते शुक्रबार, नेपाल संवत् ११४१ (Sept. 24, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## नेपालको आर्थिक वृद्धि ४.१५ हुने एडिबीको प्रक्षेपण

चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धि ४।१ प्रतिशत हुने एसियाली विकास बैंक ९एडिबी०ले प्रक्षेपण गरेको छ। एडिबीले बुधबार 'एसियन डेभलपमेन्ट आउटलुक २०२१' सार्वजनिक गर्दै यस्तो बताएको हो। यसअघि एडिबीले अप्रिलमा सार्वजनिक गरेको रिपोर्टले सन् २०२२ (चालू आव) मा नेपालको आर्थिक वृद्धि ५।१ प्रतिशत रहने बताएको थियो। एडिबीले त्यसलाई एक प्रतिशत बिन्दुले घटाएर आर्थिक वृद्धिको प्रक्षेपण गरेको हो। कोभिडको संक्रमणदर उच्च बाँकी ८ पेजमा

## अब फिल्म हल खुल्ने

काठमाडौं। असोज दोस्रो सातादेखि फिल्म हल खुल्ने भएका छन्। नेपाली निर्माताहरूले दसैं लक्षित गरेर फिल्म प्रदर्शन गर्ने तयारी थालेसँगै हल खोल्ने तयारी भएको हो। यसअघि काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीले उपत्यकाभित्रका हल खोल्ने अनुमति दिएको थियो। तर हलहरूको छाता संगठन चलचित्र संघले नेपालभरको हल खोल्ने अनुमति दिनुपर्ने भन्दै हल नखोल्ने निर्णय गरेको थियो। अब भने आफूहरू असोज दोस्रो साताबाट नेपालभरका हल खोल्ने तयारीमा पुगेको चलचित्र संघका अध्यक्ष मदुसुधन प्रधान बताउँछन्। हालै निर्देशक सोभित बस्नेतले असोज २६ फूलपातीको दिनलाई लक्षित गरेर आफ्नो नयाँ फिल्म 'डाँडाको वर पिपल' प्रदर्शन गर्ने घोषणा गरिसकेका छन्।

# इपिजी प्रतिवेदन अझै अलपत्र

### सीमा नियमन प्रकरण



काठमाडौं। विगत तीन वर्षदेखि नेपालले हरेक औपचारिक र कूटनीतिक संयन्त्रमा नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदन बुझ्न भारतसँग आग्रह गर्दै आएको छ। तर भारतले चासो नै दिएको छैन। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रतिवेदन बुझ्न इपिजीलाई समय नै दिएका छैनन्। दुवै देशका प्रधानमन्त्री तहमा भएका सहमति र त्यसैअनुसार गठन भएको प्रबुद्ध समूहले दुई वर्षको अवधि खर्चेर बनाएको साझा प्रतिवेदन भारतले बुझ्न नमान्नु आफैंमा संशयपूर्ण छ। भारतीय पक्षबाट प्रधानमन्त्री मोदीको समय नमिलेको भन्दै 'उपयुक्त समय' को पर्खाइ भइरहेको कामचलाउ जवाफले इपिजीको प्राथमिकता र औचित्यमाथि नै प्रश्न उठेको छ।

नेपालमा पछिल्लो पटक केपी ओली र भारतमा नरेन्द्र मोदी प्रधानमन्त्री भएपछि उनीहरूबीच तीनपटक भेट भयो। ३ फागुनमा प्रधानमन्त्रीको शपथ खाएलगत्तै २४ चैतमा ओली भारत भ्रमणमा गएका थिए। त्यस्तै २८ वैशाख २०७५ मा भारतीय प्रधानमन्त्री मोदी जनकपुर हुँदै काठमाडौं आएका थिए। त्यतिमात्र होइन, मोदीले दोस्रो पटक प्रधानमन्त्रीको शपथग्रहण गर्दा १८ जेठ २०७६ मा ओली नयाँदिल्ली गएका थिए। यसरी उनीहरूबीच दुई वर्षमा तीन पटक प्रत्यक्ष भेट भयो। तर इपिजी प्रतिवेदन भने अलपत्र नै रह्यो। वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले पनि भारत भ्रमणको तयारी गर्न थालेका छन्। उनले आफ्नो समकक्षी मोदीसँग इपिजी प्रतिवेदन बुझ्ने बारेमा कुरा उठाउने हुन् कि होइनन् त्यो हाललाई परखकै विषय छ।

१५ र १६ असार २०७५ मा काठमाडौंमा सम्पन्न इपिजीको अन्तिम (नवौं) बैठकले साझा प्रतिवेदनमा सहमति जनाउँदै एक महिनाभित्र दुई देशका प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउने निर्णय गरेको थियो। २० र २१ असार ०७३ मा पहिलो बैठक नेपालमा बसेकाले प्रतिवेदन सुरुमा भारतीय प्रधानमन्त्रीलाई बुझाउने इपिजीको निर्णय थियो। तर तीन वर्ष बित्दा पनि भारतीय प्रधानमन्त्री मोदीले प्रतिवेदन बुझ्न रुचि देखाएका छैनन्। यो अवधिमा दुवै पक्षले तोकेको प्रबुद्ध समूहतर्फका स्वतन्त्र विज्ञहरू विभिन्न तहको स्वतन्त्र जिम्मेवारी बहन गर्ने तहमा पुगेका छन्। भारतीय प्रबुद्ध समूहका संयोजक भगतसिंह कोस्यारी महाराष्ट्रका गभर्नर बनेका छन्। बीसी उप्रेतीको निधन भइसकेको छ। नेपालतर्फका प्रबुद्ध समूह सदस्य निलाम्बर आचार्य भारतका लागि राजदूत भए। भर्खरै उनलाई सरकारले फिर्ता बोलाउने निर्णय गरेको छ। अर्का सदस्य राजन भट्टराई तत्कालीन प्रधानमन्त्री केपी ओलीका विदेश मामिला सल्लाहकारका भूमिकामा रहे। इपिजी प्रतिवेदन बुझ्न भारत सरकारलाई दबाब दिने हैसियतमा उनीहरू रहेनन्।

प्रतिवेदनको दुई दुई प्रति इपिजी नेपालका संयोजक डा.भेषबहादुर थापा र भारतका संयोजक भगतसिंह कोस्यारीसँग छ। हाल महाराष्ट्रका गभर्नर रहेका कोस्यारी र थापा नियमित टेलिफोन संवादमा छन्। कोस्यारीले भारत सरकारले प्रतिवेदन बुझ्ने आश्वासन दिइरहेका छन्। तर प्रधानमन्त्री मोदीले भने प्रतिवेदन बुझ्ने कुनै संकेत देखाएका छैनन्।

नेपाल भारत परराष्ट्रमन्त्री स्तरीय बैठकमा नेपालले इपिजीलाई एजेन्डामा समावेश गरे पनि भारतीय पक्षले चासो दिने गरेको छैन। बरु भारतले प्रतिवेदनलाई परराष्ट्र सचिवस्तरमा बुझाउन सकिने मनशाय प्रकट गरेको छ। ०५१ मा दुवै देशका विदेश सचिवले पुराना सन्धि सम्झौता र सम्बन्धका बारेमा अध्ययन गर्न भनिएको थियो। झन्डै अढाई दशक विदेश सचिव तहमा जिम्मा लगाइएको यो विषय नसल्टिएपछि २०७२ मा नेपाल भारत प्रबुद्ध व्यक्ति समूह - इपिजी) गठन गरिएको थियो। नेपाल र भारतबीच रहेका सबै प्रकारका सन्धि सम्झौताको पुनरावलोकन, संशोधन वा खारेजीसम्मको प्रक्रियालाई अघि बढाएर प्रतिवेदन बुझाउने अधिकार इपिजीलाई दिइएको थियो।

इपिजी प्रतिवेदनमा नेपालले सन १९५० को असमान शान्ति तथा मैत्री सन्धि पुनरावलोकनको प्रस्ताव गरेको छ। यो कुरा भारतलाई मन परेको छैन। भनिन्छ इपिजीमा भारतको तर्फबाट सदस्य रहेका नेपालका लागि पूर्वराजदूत जयन्तप्रसादले प्रतिवेदन भारतको हितमा नरहेको ब्रिफिङ गरेका छन्। उनकै लबिङपछि भारतमा इपिजी प्रतिवेदनको विरोधमा माहोल बनेको बताइन्छ। जयन्तले इपिजी बैठकमै असहमित जनाएका थिए। यद्यपि उनले माइन्युटमा भने हस्ताक्षर गरेका थिए। इपिजी बैठक सकिएपछि पूर्वराजदूत जयन्तले दिल्लीमा अशोक मेहता लगायत नेपाल-भारत सम्बन्धमा जानकार पूर्व सैन्य अधिकारीलाई शान्त रात्रि भोजमा बोलाएर प्रतिवेदनले भारतको हित नगर्ने बताएका थिए। इपिजीको पहिलो बैठक २० र २१ अनुसार २००३ मा काठमाडौंमा भएको थियो। बैठकको पहिलो एजेन्डा सन् १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धि परिमार्जन थियो। नौवटा बैठकमा सबभन्दा बढी चर्चा र बहस यही सन्धि परिमार्जनको विषयमा भएको थियो।

जानकारहरूका अनुसार एउटै पक्ष भएर छलफल गर्ने भनिए पनि इपिजीमा नेपाल र भारत पक्षबीच १९५० को सन्धि प्रतिस्थापन र नेपाल भारत खुला सीमा नियमतबारे पछिसम्म साझा धारणा बन्न सकेको बाँकी ८ पेजमा

## कम्युनिस्ट पार्टी ७२ पटक फुट्यो

काठमाडौं। नेपाल कम्युनिस्ट पार्टीको स्थापना २२ अप्रिल १९४९ (१० वैशाख २००६) मा भारतको कलकत्तामा भएको थियो। कम्युनिस्ट आन्दोलनको स्थापनाको झन्डै ७२ वर्षमा ७२ पटक नै टुटफुटको सामना गर्नुपर्‍यो। कम्युनिस्ट पार्टीले स्थापनाको ११ वर्षमै विभाजनको शिकार हुनुपरेको थियो। २००८ असोज ११ देखि १६ गतेसम्म भारतको कलकत्तामा प्रथम सम्मेलन सम्पन्न गरी जनवादी कार्यक्रम पारित गरेको थियो। प्रथम सम्मेलनबाट पुष्पलाल महासचिवमा चयन भएका थिए।

२०१३ सालमा मनमोहन अधिकारी चीन जाँदा केशरजंग रायमाझी कार्यवाहक महासचिव बने। पार्टी दक्षिणपन्थी भासमा गयो। पार्टीभित्र विवाद सुरु भयो। २०१४ मा काठमाडौंको फोहोरामा दोस्रो महाधिवेशन भयो। महासचिव भने रायमाझी नै रहे। रायमाझी राजतन्त्रलाई नै मानेर अघि बढ्नुपर्छ भन्नेमा थिए। पार्टीभित्र विवाद बढ्दै गएपछि बाँकी ८ पेजमा

## मन्त्रिस्तरीय बैठकमा भारतको भाँजो

काठमाडौं। भारतका कारण लगभग 'कोमा' मा पुगेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन 'सार्क' को परराष्ट्र मन्त्रीस्तरीय अनौपचारिक 'साइडलाइन बैठक' रद्द भएको छ। अमेरिकाको न्युयोर्कमा जारी संयुक्त राष्ट्रसंघ (युएन) को ७६ औं महासभाका क्रममा परराष्ट्र मन्त्रीस्तरीय बैठक गर्ने तय गरिएको थियो। अफगानिस्तानमा हालै सत्तारुढ भएको तालिवानले आफूले पनि बैठकमा प्रतिनिधित्व गर्न पाउनुपर्ने माग गरेको थियो। पाकिस्तानले तालिवानलाई बैठकमा सहभागी गराउनुपर्ने धारणा अघि सारेपछि भारतले विमति जनाएको र 'साइडलाइन' बैठक रद्द भएको हिन्दुस्तान टाइम्सले लेखेको छ। अफगानिस्तान सार्कको नयाँ सदस्य राष्ट्र हो।

तर सार्क सचिवालयले भने सदस्य मुलुकबीच सहमति नजुटेपछि बैठक रद्द भएको जनाएको छ। नेपाल, भारत, श्रीलंका, पाकिस्तान, बंगलादेश, माल्दिभ्स र भुटान सार्कका सदस्य राष्ट्रहरू हुन्। नेपालले सार्कको




अध्यक्षता गरिरहेको छ। सेप्टेम्बर २५ का लागि नेपालले मन्त्रिस्तरीय बैठकको प्रस्ताव गर्दै अफगानिस्तान बाहेकका सदस्यलाई निम्तो पठाएको थियो। तालिवानले बुधबार मात्र संयुक्त राष्ट्र संघको महासभामा भाग लिन राष्ट्रसंघका लागि नयाँ राजदूतका रुपमा सुहेल साहिनलाई पठाएको थियो।

भारतसहितका सदस्य राष्ट्रले न्यूयोर्कमा रहेको तालिवान नेतृत्वको अफगान कूटनीतिक प्रतिनिधिले गेट क्र्यास (बिना निमन्त्रणा प्रवेश) गरे भने के गर्ने भनेर सार्क अध्यक्ष नेपाललाई प्रश्न गरेका थिए। नेपालले बैठक गर्न सकिने तर तालिवान प्रतिनिधि आए रोक्न नसकिने जवाफ दिएपछि बैठक रद्द गरिएको बताइन्छ। न्युयोर्कको एक होटलमा आयोजना गरिएको बैठकमा अफगान प्रतिनिधिले गेटक्र्यास गर्ने सम्भावना देखेपछि भारत लगायत अन्य सदस्य राष्ट्रहरू परराष्ट्रमन्त्री स्तरीय बैठक गर्नबाट हच्किएका छन्। अफगानिस्तानमा तालिवानको पुनरागमनलाई बाँकी ८ पेजमा

## संविधानका त्रुटि सच्याउन जोड



काठमाडौं। नेकपा मालेले संविधान दिवसको अवसरमा एक विज्ञप्ति जारी गर्दै संविधानमा भएका त्रुटिलाई सच्याउन जोड दिएको छ। पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'संविधानसभाबाट २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएको आज ६ बर्ष पुरा भएको छ।

यो संविधान नेकपा (माले) लगायत देशका विभिन्न पक्षले विविध बिषयमा भिन्न मत दर्ज गर्दै विशिष्ट स्थितिको चेपुवामा परी अत्यावश्यक प्रकृयालाई समेत नाघ्दै द्रुतमार्गद्वारा जारी गरिएको दस्तावेज हो। कार्यान्वयन बाँकी ८ पेजमा

## कालोधनलाई सेतो पार्ने सरकारी अवसर

काठमाडौं। सरकारले आयकरमा गरेको संशोधनले स्रोत नखुलेको सम्पत्तिलाई लगानीमा छुट दिएर कालोधनलाई सेतो बनाउने अवसर दिएको छ। यस्तो स्रोत नखुलेको सम्पत्तिले बढीमा आउँदो दुई वर्षको समय पाएको छ। बजेटमा भनिएअनुसार २०८० सालसम्ममा लगानी भएको सम्पत्तिले स्रोत देखाउनु पर्दैन। तर सवाल के हो भने त्यसपछि फेरि अर्को समय थपिनेछ। विगतमा पनि पटक-पटक यस्तो भएको छ। राजनीति अत्यन्त तरल भएको र सरकारहरू जसरी पनि व्यवसायीलाई खुसी पारेर चल्ने नीतिमा रहँदा करिब वर्षैपिच्छे यस्तो विवाद जन्मिने गरेको छ। स्रोत नखुलेको सम्पत्तिलाई लगानी हुन बाटो खोलिदिनु भनेको कसैको बसमा परेर कुनै वस्तुको करको दायरा यताउता पारिदिएजस्तो मात्रै होइन। स्रोत नखुलेका सम्पत्तिलाई लगानी हुन दिने काम भने देशभित्रको कुरा मात्र हुँदैन। अन्तर्राष्ट्रिय क्षेत्र आकर्षित हुन्छ र देशै एक्लिन सक्तछ। यस्ता पीडा भोग्नेहरू दर्जनौं देश छन्। आर्थिक अध्यादेशमा 'आयकर ऐन, २०५८ संशोधन गरेर सुर्ती तथा मदिराजन्य बाहेकका उद्योगमा 'लगानीको आयस्रोत खोजिने छैन' भन्ने व्यवस्था थप गरिदियो। प्रस्तावित संशोधानको दफा ११ मा चुरोट, बिंडी, सिगार, खाने सुर्ती, खैनी, गुट्का, पान, मसलाबाहेकमा २०८० चैत मसान्तसम्म गरेको लगानीको आयस्रोत खोजिने छैन भन्ने लेखिएको छ। यो प्रावधान हुबहु लागू हुँदा स्रोतविनाको सम्पत्ति नै जतातत‍ै प्रयोग हुनेछ। यसले मुलुकभित्रकै गैरकानुनी आर्जनले प्रश्रय पाउँछ। देशभित्रको यस्तो सम्पत्तिले शुद्धीकरण हुन पायो भने त्यसका आडमा विदेशका यस्ता सम्पत्ति पनि यता ओइरिनेछ। यस्तो अवसरलाई अन्तर्राष्ट्रिय जगतले मान्दैन।

यो चालू वर्ष अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल त्यसै पनि बदनाम भएको वर्षमा पर्छ। कालोधन आर्जन हुनेमध्येको एउटा ठाउँ हो भ्रष्टाचार। जब लगानीमा स्रोत नखोजिने व्यवस्था हुन्छ त्यसपछि भ्रष्टाचारबाट आर्जित यस्तो कालोधनले वैधानिकता पाउँछ। बाँकी ८ पेजमा

## प्रतिष्ठानबाट छात्रवृत्ति वितरण



काठमाडौं। गत भाद्र ४ गते सुरेन्द्र ढकाल प्रतिष्ठानले काठमाडौं कपनस्थित वालकुमारी आधारभूत विद्यालयको ३६ जना गरिब तथा जेहेन्दार बालबालिकालाई छात्रवृत्ति प्रदान गरेको छ। जसअनुसार प्रतिविद्यार्थी रु. १० हजारको छात्रवृत्ति २५ जनाले र रु. १३०० को छात्रवृत्ति ११ जनाले प्राप्त गरेका छन्।

अति गरिब जेहेन्दार बालबालिकाले पाउने रु. १० हजारको छात्रवृत्तिबाट वार्षिक परीक्षा शुल्क, एकजोर विद्यालय पोसाक, एक जोर जुत्ता, एक स्वेटर, एक स्कुल ब्याग, कापी, सिसाकलम, बाँकी ८ पेजमा

## पदक विभूषणको सही सदुपयोग कहिल्यै भएन

### समय सन्दर्भ

पूर्ण ओली (पूर्वमहासेनानी)

यसपालिको पदक विभूषण पहिलाभन्दा बढी विवादस्पद बन्यो। जसको प्रमुख कारण विभूषण दलका नेताका परिवारका सदस्यहरू समेतलाई वितरण गरिएको कारणले पनि हो। जसले राष्ट्रको लागि कुनै उल्लेखनीय कारबाही गरेका छैनन्। डाडुपन्यु आफ्नो हातमा हुनेले मिठो खाना आफ्नो भागमा बढी राख्नु स्वभाविक होला तर राष्ट्रको लागि उल्लेखनीय कार्य गर्नेहरू, विशिष्ट योगदान दिनेहरू सुशोभित हुनुपर्नेमा नितान्त स्वार्थमा मात्र प्रयोग गरियो।

सत्तामा बस्नेले फेरि विभूषणको चरम दुरुपयोग गरेका छन्। अहिले राजनीतिक दलहरू अत्यन्त बदनाम भइरहेका छन्। यस्तो अवस्थामा जनतालाई जिस्काउने किसिमले वितरण गरिएको तक्मा विभूषणले यसको महत्व झनै घटाएको छ। यसपालिको तक्मा वितरण राजनीतिक रुपमा अत्यन्त पूर्वाग्रही भएर कसैलाई खुसी पार्न र कसैलाई चिढ्याउने किसिमले गरेको पनि भान हुँदैछ।

पूर्व प्रधानमन्त्रीले केपी ओलीसँग सर्प पाल्ने बहानामा लिएको ७२ करोड रुपियाँ लिएर बदनाम भएका हुन् पूर्व प्रधानमन्त्री झलनाथ। आफूसँग करोडौं सम्पति हुँदाहुँदै र छोराहरूले पनि बाबुको शक्तिको दुरुपयोग गरी ठेक्कापट्टाबाट अरबौंको सम्पति कमाउँदा पनि झलनाथले आफ्नो उपचारमा सरकारबाट पैसा लिएको बारेमा जनमानसमा निकै बदनाम भएका थिए। अहिले झलनाथले तक्मा पाउनु भनेको उनले केपी ओलीको सरकार गिराउन प्रमुख भूमिका खेले भनेर दिएको त होइन ?

त्यस्तै प्रचण्ड पत्नी सीता दाहाललाई अहिले तक्मा दिनु भनेको शेरबहादुरले प्रचण्डलाई खुसी पार्नु होइन र ? नत्र सीता दाहालभन्दा अरु उल्लेखनीय पात्र हाम्रो समाजमा थिएनन् ? माधव नेपालको बुबालाई अहिले आएर तक्मा किन आवश्यक पर्‍यो ? सर्वोच्चाका न्यायाधीस जसले केपी ओलीलाई प्रधानमन्त्रीबाट हटाएर परमादेशबाट शेरबहादुरलाई प्रधानमन्त्रीको पद दिलाउने कार्य गरे त्यो समूहलाई किन विभूषणबाट सुशोभित गरियो ? यो सर्वसाधरणले सबैले बुझेका छन्। यिनै खलपात्रको बीचमा केही असल व्यक्ति कलाकार, पत्रकार, बुद्धिजीविलाई पनि घुसाएर तक्माहरू दिइयो। तर प्रायः ती लब्धप्रतिष्ठित व्यक्तिले ती तक्मा लिन अस्विकार गरेको देखियो।

यी बाहिर खुला रुपमा देखिएका प्रतिनिधि पात्र हुन्। यसबाहेक कर्मचारी, राजनीतिक दल, कलाकार, पत्रकारभित्र पनि यसरी नै आफ्ना कोटीका मान्छे या चाकडीबाजले नै प्राप्त गरिरहेका होलान्। दुर्गममा बसेर परिवारबाट टाढा बसेका राष्ट्रसेवकहरूले भन्दा हाकिमका वरिपरि बसेर चाकडी गर्नेले नै तक्मा पाए होलान्। टाढा बसेर पनि कोशेलीपात बुझाउनेले अवश्य पाए होलान्। सोझा, इमानदार मिहिनेती तथा सक्षम कर्मचारी हुन् या समाजको सेवा गर्ने असल नागरिक या आफ्ना विरोधी राजनीतिज्ञले अत्यन्त राम्रा कार्य गरेका छन् भने पनि उनीहरूले विभूषण पाउने सिलसिला न पहिला थियो न अहिले छ।

पंचायती व्यवस्थामा दरबारका मानिसहरूको बोलवाला हुन्थ्यो। त्यसैले उनीहरू प्राथमिकतामा पर्थे। सबै मन्त्रालय र विभागमा कोटाअनुसार बाँडिएका विभूषण तक्मा हाकिमलाई मन परेका र नजिक बस्नेले चप्काउँथे। सेना पनि यसबाट अछुतो हुने कुरा भएन। कसैलाई पदोन्नति गराएर माथि लानु छ भने त्यस्ता अधिकृतले बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

### तल सर्दै सिंहदरबारको विकृति


मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि गाउँघरमा सिंहदरबार पुर्‍याएको भनेर राजनीतिक दलका नेताहरू भाषण गरिरहेका छन् । यथार्थमा गाउँघरमा सिंहदरबार होइन, सिंहदरबारमा बसेर विकृति विसंगति मच्चाइरहेका नेताहरूको सिको गर्ने प्रवृत्ति भने मौलाएर गएको छ । अहिले पत्रपत्रिकामा दुर्गम जिल्लाका विकट मानिएका गाउँपालिकाहरूले पनि महँगा मोटर खरिद गर्न विज्ञापन निकालेको देखिन्छ । मोटर कुद्ने बाटोसम्म नभएका गाउँपालिकाका प्रमुखहरूले मोटर खरिद गरेर राष्ट्रिय सम्पत्तिको चरम दुरुपयोग गरिरहेका छन् । गाउँघरमा एम्बुलेन्ससम्म सञ्चालन हुने स्तरको बाटो बन्न सकेको छैन तर न्यूनतम ६० लाखदेखि करोडसम्म मूल्य पर्ने मोटर किन्न तँछाडमछाड गरेको देखिन्छ । गाउँका नेता मात्र होइन, अहिले प्रदेशका सांसदहरूलाई पनि मोटर सुविधा दिने निर्णय प्रदेश सरकारहरूले गर्न थालेका छन् । नेकपा एमाले विभाजनपछि मन्त्रीको भाग नपाउने सांसदहरूलाई शान्त पार्न र सत्ता टिकाउन मोटर सुविधा दिएर मुख्यमन्त्रीहरूले सत्ता टिकाउने फोहोरी खेलको थालनी गरेका छन् ।

२०५६ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले सांसदहरूलाई प्राडो, पजेरोजस्ता महँगा गाडी किन्ने सुविधा दिएका थिए । गाडीमा तेल हाल्ने हैसियतसम्म नभएका सांसदहरूले सबैभन्दा महँगो गाडी सुविधामा भिकाएर व्यापारीलाई बिक्री गरी मोटो रकम कमिसन असुलेका थिए । नेपालको राजनीतिलाई विकृत बनाउने यो प्रकरणलाई प्राडो पजेरो काण्डका रूपमा अहिले पनि नाम उच्चारण गर्ने गरिन्छ । सांसद खरिद बिक्री आधा दर्जन मन्त्रीलाई एकैपल्ट बैंकक पठाउने र होटलमा राखेर अश्लील फिल्म र मदिराको नशामा चुर्लम्म डुबाएर राख्ने जस्ता फोहोरी खेल जनताले देखी, भोगिसकेका छन् । बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा देखिएका दर्जनौं विकृति विसंगतिको पहाडलाई अगाडि तेर्स्याएर माओवादीले जनयुद्ध हुर्काउने बढाउने काम गरेको थियो । दोस्रो जनआन्दोलन र जनयुद्धको बलमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो, तर छोटो समयमै फेरि पुरानै संस्कार र संस्कृति राजनीतिमा अझ भयानक रूपमा दोहोरिएको छ । नेताहरूमा देखिएको सत्ता लोलुपता, भ्रष्टाचार, नातावाद, कृपावाद जस्ता कुरा सहँदा जनता आजित भइसकेका छन् । कतिपय नेताका क्रियाकलाप सहन नसक्ने जनता आफैं दण्ड दिने सडकमा उत्रिएका छन् । बुटवलका मेयरमाथि हालै एक बाढी पीडित जनताले मुक्का प्रहार गरेका छन् भने मेलम्चीका मेयरलाई जनताले समातेर तान्दै गरेका भिडियो क्लिपहरू सामाजिक सञ्जालमा भाइरल बनेका छन् ।

नेताहरूमाथि विभिन्न ठाउँ यसभन्दा अगाडि पनि आक्रमण नभएका होइनन् । झलनाथ खनालदेखि झक्कु सुवेदीसम्मले जनताको झापड झेलिसकेका छन् । त्यसो त प्रचण्ड, सुशील कोइराला पनि जनआक्रोशमा परेका घटना ताजै छन् । एकातिर गरिब जनता हातमुख जोड्ने समस्यामा परेर आफ्ना अल्लारे छोराछोरीलाई खाडी राष्ट्रहरूमा श्रम गर्न पठाउन बाध्य छन् । अर्कातिर त्यही गरिबका सन्तानले पठाएको रेमिट्यान्सका भरमा मुलुक चलाउनेहरू दिनानुदिन विलासी बन्दै गइरहेका छन् । चीनका राष्ट्रपति गरिब जनतासँग हात मिलाउँदै हिँड्छन्, क्यानडाका प्रधानमन्त्रीले आफ्नै कार्यकक्षमा जाँदा ढोकामा बसेका सुरक्षाकर्मीसँग हात मिलाउँछन् । तर हाम्रा नेताहरू आफ्नै कारणले गर्दा कडा सुरक्षा घेरामा बस्न बाध्य छन् । जनतासँग हात मिलाउने साहस उनीहरूले गुमाइसकेका छन् । नेता र जनताको जीवनशैली र सामाजिक दूरी टाढिएसँगै मुलुकमा राजनीतिक संकट गहिरिएर गइरहेको छ । वर्तमान राजनीतिक पद्धतिप्रति नै प्रश्नचिन्ह खडा भइरहेको छ । यस्तो अवस्थामा नेताहरूको चेत खुलेर नसचिने हो भने भोलिको अवस्था झन भयावह बन्ने निश्चित छ ।

# यो संविधान चल्ने छाँट देखिँदैन






**सुरेन्द्र ढकाल**

यो संविधान कार्यान्वयनमा आएको ६ वर्ष पुग्दा कतै संविधान भङ खालोमा पर्ने त होइन भन्ने देखिएको छ । सर्वोच्च अदालतले बारम्बार संविधानमाथि भएको प्रहारलाई नरोकेको भए यो संविधान अहिले नै खोस्टा साबित हुने थियो । ओली र विद्याको मिलीजुलीमा यो संविधान झण्डै ओलीको सर्वसत्तावाद, निरंकुश एवं भ्रष्टतन्त्रको साधन बन्न पुगेको थियो ।

संविधान बनाउँदा नै देशले राजनीतिक अस्थायित्व खेप्न नपरोस् भनेर प्रधानमन्त्रीले संसद विघटन गर्न नपाउने र केही नलागे ७६ (५) बमोजिम निर्दलीय प्रधानमन्त्री बन्न सक्ने अनि यस्तो प्रधानमन्त्रीले मात्रै संसद विघटन गर्न सक्ने व्यवस्था गरेको थियो । यही व्यवस्था सुरुदेखि नै ओलीको निशाना बन्न पुग्यो । यस कार्यमा विद्या ओलीको रबर स्टाम्प बनिन् । धन्न सर्वोच्च अदालतले संविधानको रक्षा गऱ्यो । यद्यपि संविधानका धाराहरू आफू र आफ्नो दलका लागि उपयुक्त नहुँदा अध्यादेश ल्याई संविधान संशोधन गर्ने अनि अभिष्ट पूरा हुनासाथ अध्यादेश खारेज गर्ने जस्तो संविधानको खिल्ली उडाउने कार्य प्रजातान्त्रिक भन्ने दलहरूबाट हुनुले संविधानमाथिको खतरा टरेको छैन । तसर्थ अध्यादेशबाट संविधान संशोधन गर्ने परम्परा तुरुन्त बन्द हुने कानुनी व्यवस्था गर्नु जरुरी छ । यसको साथै देशको संविधान कार्यान्वयन गर्दा देशमाथि आर्थिक भार हुने अवस्था रहेमा पनि संविधान ढिलो चाँडो भड्खालोमा पर्न सक्छ । तसर्थ देशले आर्थिक रुपमा थेग्न सक्ने गरी संविधान संशोधन हुनु जरुरी छ ।

हालको संविधानमा व्यवस्था भए अनुसारको चुनाव देश र दलहरूकै लागि पनि महँगो साबित भएको र चुनावमा पैसा आवश्यक हुनाको कारण भ्रष्टाचार संस्थागत हुन गएको परिप्रेक्ष्यमा सबै तहका चुनावहरू पूर्ण समानुपातिक ढंगबाट हुने, खाली हुन गएको पदमा उपचुनाव नगरी सहवरण गर्ने, सबै तहका निर्वाचित पदाधिकारीहरूले तलव भत्ता नपाउने, सांसदले मन्त्री बन्न नपाउने, मन्त्री बन्न चाहेमा सांसद पद स्वतः खारेज हुने र त्यो खाली भएको स्थान सहवरणबाट पूर्ति गर्ने, ३ तहको संघीय व्यवस्था खारेज गरी २ तह याने संघ र स्थानीय सरकारमात्र भएको रहने गरी प्रदेश खारेज गर्नुपर्ने, जिल्लालाई संघीय सरकारको शान्तिसुरक्षा हेर्ने प्रशासनिक इकाई र जिल्लाभित्रका स्थानीय सरकारहरूबीच समन्वयकारी भूमिका खेल्ने संयन्त्रको रुपमा विकास गर्ने गरी संविधान संशोधन हुनु जरुरी छ । अन्यथा अहिलेकै व्यवस्था भएमा भ्रष्टाचार स्वतः संस्थागत भई संविधान र देश दुवै असफल हुने अवस्था आउँछ ।

> **अध्यादेशबाट संविधान संशोधन गर्ने परम्परा तुरुन्त बन्द हुने कानुनी व्यवस्था गर्नु जरुरी छ । यसको साथै देशको संविधान कार्यान्वयन गर्दा देशमाथि आर्थिक भार हुने अवस्था रहेमा पनि संविधान ढिलो चाँडो भड्खालोमा पर्न सक्छ । तसर्थ देशले आर्थिक रूपमा थेग्न सक्ने गरी संविधान संशोधन हुनु जरुरी छ ।**

अहिलेको ३ तहको निर्वाचनको जुन व्यवस्था छ, त्यसले वडास्तरकै चुनावमा करोडौं रुपैयाँको चलखेल हुने देखाएको छ । त्यसरी जितेको वडाध्यक्षले भ्रष्टाचार नगरी आफ्नो लगानी उठाउनै सक्तैन । यही कुरा मेयर, उपमेयर, प्रादेशिक र संघीय संसदको चुनावमा लागू हुन्छ । जसले बढी पैसा खर्च गरी भोट किन्छ उसैले चुनाव जित्ने चेतना नभएका मतदाता भएको देशमा संविधानमा भएको व्यवस्थाले नै संविधानलाई पंगु बनाउँछ । तसर्थ पैसाको चलखेल पुरै बन्द गर्ने माथि भनिएका कुरालाई मध्यनजरमा राखेर संविधानको संशोधन हुनु जरुरी छ ।

चुनाव भएमा आफ्नो दलले फेरि पनि एक्लैले पूर्ण बहुमत ल्याउँछ भनेर केपी ओलीले ठोकुवा गर्नुको पछाडि उनले आफ्नो पालामा भ्रष्टाचार गरी थुपारेको खरबौं रुपैयाँको कारण नै हो । नत्र प्रचण्डहरू जस्तालाई वडामै पराजित गर्ने साहस ओलीमा कहाँबाट आयो ? त्यसैगरी यो संविधान कार्यान्वयन गर्दै जाँदा आफूहरू बढारिने देखेर नै होला प्रचण्ड जनताले आफूहरूलाई माओवादी नभई खाओवादी देखेको बताउँदै संविधान संशोधनको कुरा उठाउँदै मात्रै छैनन् वल्की सो को लागि सडक तताउन तयार देखिन्छन् । यसको पछाडि चुनावमा हुने पैसाको खेल नै हो भनेर उनले राम्रै बुझेका छन् ।

जनयुद्धकालमा बैंक लुटेको पैसा सकिन लागेकोले पनि होला उनी संविधान संशोधन गरी निर्वाचन प्रक्रिया बदल्न उद्दत छन् । देशबाट लिनेले होइन देशलाई विचार, समय र स्रोत दिन सक्ने सक्षम समाजसेवीहरूलाई राजनीति स्थापित गर्ने गरी संविधानको संशोधन हुनु जरुरी छ अन्यथा यही संविधानका धाराहरूमा व्यवस्था भएका प्रावधानहरूले नै यस संविधानको मरण आमन्त्रण नगर्ला भन्न सकिन्न । यो संविधान चल्ने छाँट देखिँदैन

# गठबन्धन सरकार असफलताको अँध्यारो सुरुङतिर



**गोविन्द विक**



**एकिकृत समाजवादी पार्टीले निर्वाचन आयोगबाट दलको मान्यता पाउनेबित्तिकै मन्त्रिपरिषद् विस्तार हुने बताउँदै आएका सत्ता गठबन्धनका नेताहरू आज सरकारको असफलतामा किन चुपचाप छन् ? बजेटसम्बन्धी प्रतिस्थापना विधेयक प्रतिपक्ष दलले गरेको संसद अवरुद्धका कारण संसद अड्किएको कुरामा गठबन्धनका नेताहरू बेखबर जस्तै बनिरहनु रहस्यात्मक विषय हुँदैछ ।**

न्यायिक लडाइँबाट जितेर सत्तामा पुगेका गठबन्धन सरकारका प्रधानमन्त्री असक्षमताको अँध्यारो सुरुङतिर लम्किरहेका छन् । प्रधानमन्त्री नियुक्त भएको ६६ दिनसम्म पनि मन्त्रिपरिषद् विस्तार गर्न नसकेर असफल प्रधानमन्त्रीको लिस्टमा देउवा परिसकेका छन् । योजनामा अस्पष्ट प्रधानमन्त्रीले दुई दुई महिनासम्म पनि बजेटबारे धारणा बनाउन नसक्दा इतिहासमै कार्यकारी सरकारले खर्च गर्न नपाउने अवस्था आयो । सत्ता गठबन्धन र प्रतिपक्ष दलबीचको दूरी बढेपछि मुलुक र जनताले आर्थिक सटडाउनको उपहार प्राप्त गरेका छन् ।

अघिल्लो सरकारले ल्याएका महत्वपूर्ण १५ वटा अध्यादेश निष्क्रिय बनाएर गठबन्धन सरकारले यौन हिंसा, एसिड आक्रमणका पीडितहरूलाई थप पीडा थपिदियो । अध्यादेश निष्क्रिय भएपछि संसदले अध्यादेशलाई समेट्ने गरी विधेयक नै ल्याउने भने तापनि त्यसका लागि काम अगाडि बढेको पाइँदैन । उमेरगत हिसाबले पनि कमजोर हुँदै गएका प्रधानमन्त्री देउवाका लागि पार्टी र प्रधानमन्त्रीको जिम्मेवारी धान्नै नसक्ने भारी बन्दै गएको कुरा छर्लङ हुँदैछ ।

नजिकिँदै गएको पार्टीको महाधिवेशनबाट फेरि पनि नेतृत्व हत्याउने धाउन्नमा आफूलाई केन्द्रित गर्दा न सरकार प्रभावकारी बन्न सक्यो न पार्टी नै । आफूभन्दा सक्षम नेतृत्व पार्टीमा देख्न छोडिसके देउवाले । करिब करिब ८० को हाराहारीमा पुग्न लागेका देउवाले सहज रुपमा पार्टीको नेतृत्व हस्तान्तरण गर्ने इच्छा नदेखाउँदा पार्टीभित्रै देउवालाई पराजित गर्ने जमात बाक्लिँदैछ ।

राजनीतिक प्रतिशोध साँधेर अघिल्लो सरकारले ल्याएका पीडित अनुकुल अध्यादेश त निष्क्रिय भए नै, आफैंले ल्याएको राजनीतिक दलसम्बन्धी अध्यादेश पनि गठबन्धन सरकारलाई भारी हुँदै गएको छ । संसदमा र केन्द्रीय समितिमा २० प्रतिशत सदस्य भए दल विभाजन गर्न पाइने गरी ल्याएको अध्यादेशले एमालेबाट चोइटिएको एकिकृत समाजवादी र जसपा पार्टीभित्र पनि असन्तुष्टहरू बाहिरिने सम्भावना त्यत्तिकै देखिँदैछ ।

एकिकृत समाजवादी पार्टीले निर्वाचन आयोगबाट दलको मान्यता पाउनेबित्तिकै मन्त्रिपरिषद् विस्तार हुने बताउँदै आएका सत्ता गठबन्धनका नेताहरू आज सरकारको असफलतामा किन चुपचाप छन् ? बजेटसम्बन्धी प्रतिस्थापना विधेयक प्रतिपक्ष दलले गरेको संसद अवरुद्धका कारण संसद अड्किएको कुरामा गठबन्धनका नेताहरू बेखबर जस्तै बनिरहनु रहस्यात्मक विषय हुँदैछ । गठबन्धन सरकारको असक्षमतातिरको लम्काइ हेर्दा कतै यो व्यवस्था नै धरापमा पारेर संघीय गणतन्त्रात्मक व्यवस्थाप्रति आक्रोसित हुनेहरूलाई नै सत्ता सुम्पिने आइडिया त हैन भन्नेहरूको जमात पनि बढिरहेको छ ।

गणतन्त्र हुर्काउनका लागि राजनीतिक दलहरू असक्षम हुँदै गएको हुनाले व्यवस्थाप्रति जनमत संग्रह गर्नुपर्ने माग राखेर सडकमा कराउनेहरूलाई गठबन्धन सरकारको कार्यशैलीले झन् ऊर्जा मिलिरहेको छ । धमिलो पानीमा माछा मार्न दाउ पर्खेर बसेकाहरूलाई सरकार र प्रतिपक्षको टकरावले जनतामा दलप्रतिको वितृष्णा जगाउने अभियान चलाउन सहज बनिरहेको छ ।

अघिल्लो सरकारले काम गर्न खोजेको हो तर संविधान नै कुल्चिएर भत्किने अहिलेको सरकार कामै नगरी भत्किने अवस्थामा पुगिसक्यो । यस्तो अप्ठ्यारो अवस्थामा एमालेबाट चोइटिएर बनेको एकिकृत समाजवादी पार्टीका कारण सरकार सञ्चालनमा समस्या भएको भए एकिकृत समाजवादी दलले सरकार बाहिर नै रहेर सरकारलाई सहयोग गर्न उचित हुन्छ । सरकार र प्रतिपक्षबीचको राजनीतिक प्रतिशोधका कारण जनताबाट उठाएको कर जनताका हितमा खर्च गर्न नपाइने अनौठो नजिर बसिसकेको छ ।

हिन्दुहरूको महान चाड दशैं नजिकिएको छ । बजेट सटडाउनले कर्मचारीको तलब रोकिँदैछ । वृद्धभत्ताको पैसाले चुलो बल्नेहरूको चुलो सरकारकै कारण निभ्दैछ । यो जति गैरजिम्मेवारपनाको पराकाष्ठ के हुन सक्छ ? वर्षौं तलबभत्ता नआए पनि देउवालाई केही फरक नपर्ला । बजेट सटडाउनको असर नेताहरूलाई नपर्ला तर २४ सै घण्टा जनताको सेवामा खटिएका कर्मचारीलाई पर्छ । वृद्धभत्ताले गुजारा टारिरहेकाहरूलाई पर्छ । सरकारले यो कुरा बुझेर पनि बेखबर जस्तै लाचारी बन्नु असक्षमताको द्योतक हो । राजनीतिक प्रतिशोध पालेर सत्तापक्ष प्रतिपक्ष कसैले पनि जनता र मुलुकलाई बन्दी बनाउने छुट छैन ।

# मैले देखेको १७७ औं विश्व पर्यटकीय स्थल

# लिस्वनको भास्को दा गामा पुल

सुरेन्द्र ढकाल



पुल परबाट हेर्दा यस्तो देखिन्छ



पुल क्षेत्रमा फोटो खिचाउँदै सुरेन्द्र मित्र कृष्णराज दुलालका साथ



पुल वरिपरिको हरियाली



पुलको प्रवेशद्वार यस्तो रहेछ



पुल प्रवेश गर्दा शुल्क बुझाउनुपर्ने ८ वटा प्रवेशद्वार




रोटरी कन्भेन्सन लिस्बनमा आफ्नो सहभागिता दर्ता गरेपछि फोटो खिचाउँदै सुरेन्द्र सन् २०१३ जुनमा

२००९ को ७ जुनको दिन स्वीट्रजरलैन्डबाट काठमाडौं फर्केपछि मलाई नयाँ देश घुम्ने अवसर परेन। वर्षको एक पटक अन्तर्राष्ट्रिय गलैंचा मेला डोमोटेक्समा भाग लिन र पारिवारिक कारण जर्मनी त गइन्थ्यो तर नयाँ देश जाने अवसर मिलेको थिएन।

यसै क्रममा सन् २०१३ को जून महिनाको २३ देखि २६ तारिखसम्म पोर्चुगलको राजधानी लिस्वनमा रोटरीको इन्टरनेसनल कन्भेन्सन हुने भएपछि बल्ल नयाँ देश देखिने भयो भनेर त्यो कन्भेन्सनमा रोटरी क्लब डिल्लीबजारको पूर्व अध्यक्ष रोटेरियनको नाताले भाग लिने र आफू सम्वद्ध बाल विकास समाजको नाममा कन्भेन्सन हलमा एक स्टल लिई आफूले गरेको समाज सेवाका लागि नयाँ दाता खोज्ने निर्णय गरी आफ्नो नाम दर्ता गरी एउटा स्टल बुक गरें।

म पोर्चुगल जाने भएपछि रोटेरियन मित्र कृष्णराज दुलालले पनि म सँगै जाने निर्णय गरेबमोजिम हामी २०१३ को जून महिनाको १५ तारिखमै त्यसतर्फ लाग्यौं। हामी काठमाडौंबाट फ्रान्कफर्ट हुँदै तीन दिन जर्मनीमा मित्र डा. सुसान्ने रोष्टको घरमा दुई दिन फ्रान्सस्थित राजदुत मित्र मोहनकृष्ण श्रेष्ठको निवासमा अतिथि भई पेरिसमा बस्यौं।

पेरिसमा दुई दिन बस्दा मित्र दुलालजीलाई आइफिल टावर, लुभ्र, कन्कर्ड स्क्वायर आदि अवलोकन गराई पेरिसबाट रातको रेल लिई जून २२ तारिखको बिहान ११ बजे हामी पोर्चुगलको राजधानी लिस्वन पुग्यौं। त्यहाँ एक लजमा कोठा लिई एक नेपाली मित्रको घरमा खाना खाई सबैभन्दा पहिले कन्भेन्सन हलमा गई सहभागिता दर्ता गरी परिचय पत्र लियौं। त्यो काम गरिसक्दा दिनको २ बजेको थियो र बाँकी समय लिस्वनको आकर्षणको केन्द्र मानिने भास्को दा गामा पुल अवलोकन गर्न त्यतातर्फ लाग्यौं।

## भास्को दा गामा पूल

यो पुल उनै पुर्तगाली नागरिकको नामबाट राखेको रहेछ जस्ले सन १४९७ मा नै युरोपबाट भारत आउने सामुद्रिक मार्ग पत्ता लगाएका थिए। जलयात्री (navigator) भास्को दा गामा झोलुङ्गे पुल लिस्वनको तागुस नदीमाथि बनाइएको रहेछ। यो पुल पश्चिम युरोपको सबैभन्दा लामो र विश्वकै दोस्रो लामो झोलुङ्गे पुलमा गनिँदो रहेछ।

लिस्वन शहरको यातायातको घुइँचो कम गर्ने उद्देश्यले निर्माण गरिएको यो पुलको निर्माणको शुरुवात सन १९९५ मा भएको रहेछ र २९ मार्च १९९८ बाट सार्वजनिक यातायातका लागि खुला गरिएको रहेछ। त्यो त्यही दिन थियो जुन दिन भास्को दा गामाले ५०० वर्ष अगाडि युरोपबाट भारत आउने सामुद्रिक मार्ग पत्ता लगाएका थिए।

६ लेन भएको यो पुलमा प्रतिघण्टा १२० किलोमिटरको गतिमा यातायातका साधनहरू कुदाउन पाइँदो रहेछ। तर पानी परेको, हावा हुरी लागेको र हुस्सु लागेको बेलामा भने गतिलाई ९० किलोमिटर प्रतिघण्टामा सीमित गरिएको रहेछ। भन्नमा ६ लेन भनिए तापनि ट्राफिक जाम भएको बेला ८ लेन बनाउन मिल्ने यो पुलबाट दैनिक ५२ हजारभन्दा बढी यातायातका साधनहरू आवतजावत गर्दा रहेछन्। कुल ८२९ मिटर लामो यो पुल १५० मिटर अग्लो सिमेन्टको स्तम्भ जसको ९५ मिटर त समुद्रमुनि जगमात्रै छ, त्यसको माथि बनेको कारण सामुद्रिक आँधी आएको बेलामा पनि ठूलठूला पानीजहाज पनि यस पुलमुनिबाट छिर्न् मिल्ने गरी बनाइएको रहेछ। ११ अरब डलरको लागतमा बनेको भनिएको यो पुल बनाउन ४ भागमा गरी ४ वटा फरक फरक निर्माण कम्पनीलाई ठेक्का दिइएको रहेछ।

दिनमा ३३०० कामदारले काम गरी बनाएको यो पुल बनाउने १८ महिनाको पूर्व तयारी र अर्को १८ महिनाको निर्माण अवधि लागेको रहेछ। लगानीको कुरा गर्दा ५०.४ प्रतिशत पुर्तगाली कम्पनी २४.८ प्रतिशत फ्रेन्च कम्पनी र अर्को २४.८ प्रतिशत बेलायती कम्पनीको रहेछ। १२० वर्षको आयु भएको यस पुलले ८.५ रेक्टर स्केलभन्दा माथिको भूकम्पको धक्कासमेत सजिलै थेग्न सक्ने बताइँदो रहेछ।

पुलको दुवैतर्फ राखिएका पोलहरूमा भएका बत्तीको प्रकाश तलको नदी नपरोस् भनेर विशेष किसिमबाट जडान गरिएको रहेछ। साइकल र पैदल यात्रीहरूको लागि निषेध गरिएको यो पुल प्रयोग गर्दा प्रति कारले २.८५ युरो र भ्यानहरूले ६.४५ युरो शुल्क बुझाउन पर्दो रहेछ। हामीले पुललाई परैबाट अवलोकन गरी करिब एक घन्टा जति पुल क्षेत्रमा रहेको हरियाली स्थलमा बिताइ साधारण फास्टफुड र हल्का पेय पदार्थ लिई हामी बेलुकी ५ बजेतिर लजमा फर्कियौं।

कथा

# मायाको परिभाषा

शारदा पौडेल



मङ्सिर महिनाको घमाइलो दिन थियो। चारैतिरको कुहिरो फारेर घाम लागे पनि मेरो मनमा डम्म बादल लागेको थियो। जति मनलाई सम्झाउन खोजे पनि फिटिक्कै सम्झाउन सकेकी थिइन।

छोराछोरीलाई भनौं भने उनीहरूलाई मामाघर कहाँ हो ? मामा कतिजना छन् र कस्ता छन् भन्ने थाहासम्म थिएन। बुढासँग भनौं भने उहाँलाई अतित कोट्याएर दुखी बनाउनु शिवाय केही हुँदैनथ्यो।

के गरुँ, कसो गरुँ ? दोधारमा परिरहेँ। मनलाई एउटा निचोडमा पुर्याउन खोज्थेँ तर सक्दैनथेँ। अघिसम्मका पहारिला घाम पनि हराउँदै गए। बिस्तारै चिसो हावा चल्न थाल्यो। त्यो चिसो हावाको झुक्काले बरु मलाई एकाएक गर्मी बनायो। औडाहा भएर आयो। झनै दिमागले काम गर्नै छाड्यो।

यस्तो जाडोमा यहाँ बसेर के गर्छौ ? खुरुक्क कोठामा हिँड।अहिले बिरामी भइन्छ भन्दै उहाँ आउनु भयो। म केही बोलिन र सरासर उहाँको अघिअघि लागेँ।

सोचेँ कति महान हुनुहुन्छ हजुर। मलाई माइतीले लत्याउँदा झैं हजुरले पनि लत्याएको भए म आज कहाँ र कसोरी बस्ने थिएँ होला। एकोहोरो उहाँलाई हेरिरहन मन लाग्यो। कुनै दिन तेरा माइती यस्ता तँ यस्ती भनेर सुनाउनु भएन। माइतीको रीस मलाई फेरिदिएको भएपनि आखिर मैले सहनै पर्ने थियो। सोच्दै थिएँ, आँखा रसाए, मुटुमा गाँठो पर्यो। डाँको छाडेर रुन मन लाग्यो।

मेरो स्थितिलाई उहाँले नजिकबाट नियालिरहनु भएको थियो। मेरो अवस्थाले दुखी हुँदै भन्नूभयो – के भयो कालू ?

म बोल्न सक्ने अवस्थामा थिइन। मभित्र मत्थिएका कुराहरूलाई मनरुपी मदानीले कुनै ठेगानामा पुर्याउन सके कै थिएन। मैले ढिलोचाँडो भन्नैपर्छ सोचेँ र भने –( दाइले छोरीको बिहेमा निम्तो गरेका रहेछन्। जान मन छैन। नजाँदा पनि भएन। भोलि छोराछोरीलाई मावली त रहेछन् भन्ने जानकारी पनि त दिनु छ – मैले भनेँ।

मेरा कुराले अतित सम्झेर म माथि नै रीस पोख्नुहुन्छ कि झैं लागेको थियो। मेरो मलिन अनुहार र डरले कापेको शरीरलाई झन मुसार्दै उहाँले भन्नू भयो –( तिमीलाई जान मन लागेको छ ?

(मनै त होइन तर पनि गए राम्रो हुन्थ्यो कि सोचेर मात्रै।

तिमीलाई त्यस्तै लाग्छ भने जाऊ नत। कस्तो व्यवहार गर्दा रहेछन् थाहा हुन्छ।

मैले सहमतिमा टाउको हल्लाएँ।

कुरा करिव एक्काइस वर्ष अगाडिको हो। उहाँ मेरो विद्यालयमा विज्ञान शिक्षकको रुपमा पठाउन आउनु भएको थियो। म त्यतिबेला नौ कक्षामा पढ्दै थिएँ। उहाँको घर धेरै टाढा हुनाले हाम्रो घरको नजिकै कोठा लिएर बस्नुभएको थियो। म पढ्न केही चलाख भएपनि विज्ञान विषय अलिक कठिन लाग्थ्यो। उहाँ घर नजिकै बस्ने हुनाले म लगायत केही साथीहरू भएर ट्युसन पढ्न जान्थ्यौं। केही समयपछि वार्षिक परीक्षा आयो। म नौ कक्षामा राम्रो अंक ल्याएर उतिर्ण भएँ। म राम्रो अंक ल्याएर पास भएकोमा मभन्दा उहाँ धेरै खुशी हुनुभएको थियो।

म पढ्न जाने र उहाँपनि हाम्रो घरमा आइरहने हुनाले बोलचाल बाक्लै हुनथाल्यो। म उहाँको बानी व्यवहार देखेर बिस्तारै प्रभावित हुन थालेँ। उहाँले पनि मलाई अति माया गर्न थाल्नुभयो। हाम्रो मायाको बिरुवा झाँङगिदै गयो। विद्यालयले लिने प्रवेशिका ल्याकत परीक्षा पनि आयो। विज्ञान पढ्ने निहुँमा उहाँको कोठामा जान थालेँ। यो मनले खाली उहाँलाई नै देख्न खोज्थ्यो भने उहाँले पनि मेरै पाइला पछ्याउँदै आउनुहुन्थ्यो। हामी एकआपसमा छुट्न नसक्ने अवस्थामा पुग्यौं। प्रवेशिका ल्याकत परीक्षा पनि आयो र दिएँ पनि। जे होस् राम्रोसँग उतिर्ण गरेँ।

एस एल सी को लागि म घरबाट केही टाढा गएर पढ्न थालेँ। शहरमा गएर पढ्दा पनि उहाँ लगातार उतै आएर भेट्न थाल्नुभयो। हाम्रो मायालाई गुपचुप राखी परीक्षा सकिएपछि बिहेमा परिणत गर्ने योजना बनाउँदै थियौं। नयाँ सपना बुनेर सुन्दर भविष्यको सुनौला कल्पनामा डुब्थ्यौं।

मेरो जीवन नै उहाँ हो जस्तो लाग्थ्यो। उहाँ विना बाँच्नुको अर्थै देख्दैनथेँ। पढ्न बसे पनि शब्द शब्दमा उहाँका भनाइ र तस्वीर मेरा आँखा वरिपरि घुमिरहन्थे। एकप्रकारले पढाइभन्दा पनि झनै महत्त्वपूर्ण उहाँ नै हो जस्तो लाग्थ्यो।

हाम्रो झाँङगिएको माया बिस्तारै सबैले थाहा पाउन थाले। सकभर मलाई उहाँबाट छुटाउन खोज्दै थिए। म पाँच जना दाजुभाइकी कान्छी बहिनी थिएँ। तँलाई हामीले जस्तो भन्छेस् त्यस्तै ठाउँमा दिन्छौं,त्यसलाई छाडी दे भनेर दवाव दिन थाले। मैले यो कुरा स्वीकार्न सकिन। किनकि यो मेरो प्रेम नै जीवन थियो मन र धड्कन थियो। मलाई माया मानेको देखाउन मेरो साइँलो दाजुले उहाँलाई बेसरी गाली गर्नुभयो र चिर्पटे दाउराले टाउकै टाउकोमा हान्नुभयो। उहाँ बेहोस् भएर भुइँमा ढल्नुभयो। भुइँमा ढलेको देखेपछि मलाई घिच्याउँदै दाइ त्यहाँबाट भाग्न खोज्नुभयो। तर म जान मानिन। उहाँलाई टाउकोमा गहिरो चोट लागेको थियो र रगतका धारा छुटिरहेका थिए। मैले यो अवस्था हेरिरहन सकिन र विद्रोह स्वरुप तत्कालै उहाँसँगै जाने निर्णय सुनाएँर हिँडेँ।

दाइ रिसले मुर्मुरिँदै मलाई गाली गर्नुभयो र माइती भनेर आए मारिदिने धम्की समेत दिनुभयो। त्यतिमात्र होइन बाबू आमा र अरु दाजुहरूका लागि पनि म मरेको घोषणा गर्नुभयो। मलाई दाइका धम्कीले केही पीडा दिएको थिएन जति पीडा उहाँलाई दिएको सजायले दिएको थियो। त्यो सजायको भागिदार म न थिएँ। उहाँसँग प्रेम मैले गरेकी थिएँ। यदि कसैसँग सच्चा प्रेम गर्नु गल्ती थियो भने त्यो सजाय मैले भोग्नु पर्ने थियो। तर यहाँ त्यो सजायको भागिदार उहाँ बन्नुभयो जसले गर्दा झन् मैले साथ छोड्न चाहिन र छोडिन पनि।

हामी काठमाडौं छिर्यौं। टाउकाको चोट निको हुन केही समय लागे पनि दिलको चोट निको हुन सकेन। पशुपतिनाथलाई साक्षी राख्दै जिन्दगीमा जस्तो आपत परेपनि साथ नछाड्ने कसम खायौं र विभिन्न कठिनाईका साथ सुनौलो भविष्य तर्फ अग्रसर भई नै रह्यौं। केही वर्षमा हाम्रो मायाको चिनो छोरो जन्मियो। बाबुको जन्मसँगै बाबू आमालाई देख्न मन लागेर आयो। त्यसैले खबर पठाएँ तर प्रतिउत्तरमा उहाँहरूले म मरिसकेको खबर पठाउनुभयो।

दिन बित्दै गए। बाबुपछि अरु थप सन्तान जन्मिए। यतिबेलासम्म माइती पक्षको कुनै देखावटी माया पनि पाएकी थिइन। यसैबीचमा दाजुहरूको बिहे भयो। म बाहेक सबै इष्टमित्र बोलाइए। मलाई केही दुस्ख लागेन।ठिकै छ भनेँ उहाँको र बाबुनानीको मुख हेरेर चित्त बुझाएँ।

दिन बित्दै गए। आज मैले बिहे गरेको पनि एक्काइसौं वर्ष लागि सक्यो। बुबा आमालाई देख्न त परै जावोस् बोली सुन्नबाट पनि दाजुभाइले मनाही गरिरहे। अहिले उनीहरू सबैका सन्तान जन्मिसकेका छन्। उनीहरूलाई सन्तानको माया कस्तो हुँदो रहेछ भनेर थाहा भइसकेको छ।दुई दाजुभाइ विदेश छन्। जहाँ उनीहरूले पनि बाहिरी संसारलाई बुझेका होलान् संसारलाई हेर्ने सोच फेरेका होलान् तर मलाई हेर्ने सोच अहिलेसम्म फेर्न सकेनन्।

कहिलेकाहीँ यसरी अतित सम्झिन मन लाग्छ। माया भनेको यही हो ? आफैँमा प्रश्न गर्छु। आफ्नो सन्तानले बुबा आमाको मुख मात्र देख्छु भन्दापनि देख्न नपाउने कस्तो परिबन्ध। आज तिनै दाइकी छोरीको बिहे हो जस्ले बुबाको अन्तिम घडी हुँदा पनि मलाई बुबाको मुख हेर्नबाट सदाका लागि बन्चित गराए।

आज दाइले छोरीको रोजाइमा आफूभन्दा अर्को जातको केटालाई हात थमाउँदै छन्। छोरीको रोजाइ ठिक लाग्ने दाइलाई मेरो रोजाइ किन ठिक लागेन ? त्यतिबेलाको समयमा ठिक लागेन भनेपनि एक्काइस वर्षसम्म के सोचिरहे ? उनले पनि छोरीबाट जीवनमा पक्कै केही भरोसा त राखे कै होलान् ? आफ्नी छोरीको जात रोजाइलाई सहज रुपमा स्वीकार्ने दाइले मेरो आफ्नै जात खानदान सबै मिल्नेलाई किन स्वीकार गरेनन् ? छोरी पनि सन्तान हुन् भन्ने सोच भएका दाइहरूले म पनि तिनीहरू जन्मे कै कोखबाट जन्मेकी सन्तान हुँ भन्ने किन ठानेनन् ? बाबाको अन्तिम अवस्थामा मुख हेर्न इच्छा व्यक्त गर्दा पनि किन दिएनन् ?

किन गरे आफ्ना छोराछोरी र बहिनीमा फरक ? दाइकी छोरीले रोज्न पाउँदा मलाई रोज्ने अधिकार किन दिइएन ? के आफ्ना कोखबाट जन्मेका मात्रै सन्तान हुन त ? म पनि मेरा बाबू आमाको कोखबाट जन्मृकी सन्तान हुँ भन्ने किन सोचेनन्। मलाई त्यहाँ गएर एकछाक खाने र एउटा टालो लगाउने आशा थिएन। एकछाकले सधैंको भोक टर्दैनथ्यो र टालोले जीवनभर धान्दैनथ्यो। तर त्यो बेलाको परिस्थिति जे भए पनि सबै बिर्सेर किन बहिनी र भान्जाभान्जी भन्न सकेनन् ?


आज म यही विद्रोहको भाव बोकेर बिहेको निम्तोमा जाँदछु। सबै दाजुभाइलाई एकै ठाउँमा राखेर सोध्नेछु – माया भन्नू आफ्नो रगतको नाता टुटाउनु, लत्याउनु हो या के हो ? दिनुहोस् मलाई मायाको परिभाषा ???

*(साहित्य संसारबाट)*

नियात्रा

# स्मृतिको क्यानभासमा नयाँ रङ–१

✍ **रामप्रसाद पन्त**




हो, मैले यसपटक स्मृतिको क्यानभासमा नयाँ रङ्ग थपेँ, अर्थात् यात्राको पुनरावृत्ति गरेँ।

म सकेसम्म यात्रा दोहोर्याउन चाहन्नँ, नयाँ नयाँ ठाउँको दृश्यावलोकन गरेर नयाँ नयाँ अनुभव हासिल गर्न चाहन्छु तर कहिले काहीँ भने दोहोर्याउनुपर्दो रहेछ। दोहोर्याउनुपर्ने परिस्थिति बन्दो रहेछ र समयको माग पनि हुँदो रहेछ। लामो समयपछि यात्रा दोहोरिँदा पुराना दृश्यहरूमा नव नव उन्मेष आउँदा रहेछन्, अर्थात् पुरानो स्वरुप इतिहास बन्दो रहेछ र नयाँ युगको सूत्रपात हुँदो रहेछ।

हाम्रो प्राचीन ग्रन्थ ऋग्वेद भन्छ– चरैवेती चरैवेती, अर्थात् हिँडिरहु, हिँडिरहु। हो, वास्तवमा यात्राको जुन मजा पैदलमा छ, त्यो मजा साइकलबाट कहाँ पाउनु ! जुन मजा साइकलमा छ त्यो मजा मोटरसाइकलबाट कहाँ पाउनु ! जुन मजा मोटरसाइकलमा छ त्यो मजा बस वा रेलबाट कहाँ पाउनु ! जुन मजा बस वा रेलमा छ, त्यो मजा हवाइजहाजबाट कहाँ पाउनु ?

पैदलै देश परदेश घुम्ने कुरा उठाएर म पुरातन युगमा प्रवेश गर्न चाहेको होइन। त्यस्तो कुरा उठाएँ भने म मूर्ख ठहरिने छु र युग नबुझेको कहलिनेछु। साइकल वा मोटरसाइकलको विश्वयात्रा पनि कल्पनातीत भइसक्यो। त्यसले कानुनी मान्यता पाए पनि व्यवहारिक हुँदैन। बस र रेलको यात्रा पनि समुद्रबेष्टित मुलुकका लागि सम्भव नहोला !

प्रस्तावकले जिन्दावाद भनेपछि सबैले जिन्दावाद भन्यौं। जिन्दावाद अर्थात् गो अ हेड। गो अ हेडको सङ्केत थियो– अन्तिम गन्तव्य सिमला। तर बाटो निर्धारण हुँदै थियो, दिल्ली-देहरादून-सिमला। हामी अर्थात् रामबाबु सुवेदी, राधेश्याम लेकाली, पवन आलोक, मोहन कायस्थ, सुमन ताम्राकार र यो पङ्क्तिकार।

मेरो शब्दमा हामी भाग्यमानी थियौं। तर अभागी थिए हरिदेवी कोइराला, सरस्वती प्रतीक्षा र डा. श्रीधर लोहनीहरू। यीमध्ये पनि सबैभन्दा भाग्यमानी रहे, पवन आलोक र सबैभन्दा अभागी रहे श्रीधर लोहनी। अभागी यसर्थमा कि लोहनी अन्तिम चरणमा यात्रा रद्द गर्न बाध्य भए र उनको ठाउँ लिन सफल भए पवन आलोक।

तर म भने यात्रामार्गसँग पूर्णरुपमा खुल्न सकेको थिइनँ। किनभने मेरा लागि ती स्थानहरू नौला थिएनन्। मलाई लोभ थियो– एउटा मैत्री टिम बनाउने र नयाँ नयाँ स्थानहरूमा यात्रा गर्दै जाने। यही लोभले मेरो मन तानियो र मैले स्वीकृति जनाएँ।

यात्राको पूर्वपीठिका तयार गर्नका लागि हामीले अनामनगरस्थित बाजेको सेकुवा कर्नर छान्यौं। नाकाबन्दीमेन्यु अनुसारको भोजन उदरस्थ गर्यौं र खर्चपर्चको अन्दाजी बजेट विनियोजन गर्यौं। त्यहीँ बसेर सहभागीहरूको सङ्क्षिप्त परिचय खुल्ने ब्रोसर छपायौँ र हवाइटिकटको व्यवस्था मिलायौँ।

यात्रा मार्गका बारेमा मेरो फरक मत थियो, तर मेरो प्रस्ताव सर्वसम्मतिले अस्वीकृत भयो। हामी यात्रा गर्नकै लागि राजधानी छाड्दै छौँ भने अलिकति दुःख गरेर भए पनि यात्राको फरक स्वाद किन नलिने ? यात्राको अधिकतम अनुभूति किन प्राप्त नगर्ने र बजेटमा कटौती किन नगर्ने ?

अरु बेला भए सायद मैले आफ्नो प्रस्तावमा सहमती जनाउने साथी पाउने थिएँ हुँला, तर नाकाबन्दीको अवरोधमा कता बन्दी भइने हो ! शङ्काको भुमरीमा परेर म आफैले प्रस्ताव फिर्ता लिएँ। अर्थात् एउटा सानो गाडी रिजर्भ गरेर नेपालगन्ज वा महाकालीको बाटो हुँदै देहरादून पुग्ने मेरो योजना फेल खायो।

हामी २०७२ साल कार्तिक ७ गते तदनुसार २४ अक्टोबर २०१५ का दिन इन्डियन एयरलाइन्सबाट दिल्ली प्रस्थान गर्ने भयौँ।

दिल्लीको नाम लिनेबित्तिकै मेरो सातो जान्छ। दिल्ली जाँदा वा दिल्लीको बाटो हुँदै तेस्रो राष्ट्र टेक्नुपर्दा भारतीय हवाइसेनाका कर्मचारीहरूबाट प्राप्त हुने पीडाको भुक्तभोगी धेरैपटक भएको छु म। ममात्र किन ? अरु साथीहरू पनि भएका रहेछन्। पवनजीले त अमेरिका जानका लागि सौजन्यस्वरुप प्राप्त भएको दिल्ली रुटको टिकट क्यान्सिल गरी पच्चीस हजार बढी पैसा तिरेर बाटो बदल्नुभएको रहेछ।

यसपालि भने मैले दुःख पाउनकै लागि दिल्ली पुग्नुपरेन। दिल्लीका कर्मचारीहरूले त्रिभुवनविमानस्थलमै अवरोध खडा गरे। नागरिकताको प्रतिलिपि र प्रेसकार्ड लिएर चेकिङ डेस्कमा पुगेको मलाई प्रवेश अनुमति दिएनन् र भने – 'सक्कलै नागरिकता वा पासपोर्ट लिएर आधा घण्टाभित्र आउन सक्नुहुन्छ भने आउनुस्, सक्नुहुन्न भने भोलिमात्र जानुस्।'

मेरा ओठमुख सुके, खलखली पसिना आए म तत्काल झोला बोकेर गेट बाहिर निस्कँे। टेक्सी ड्राइभरलाई सोधेँ– 'अरुबेला भए एक हजार, यो नाकाबन्दीको बेलामा चाबहिल आइजाइ १५ सय।' म एक शब्द नबोलेर ट्याक्सीमा बसेँ, ट्याक्सीवालालाई समस्या बताएँ। ट्याक्सी कुद्यो तीव्रगतिमा।

समस्या बुझ्ने खालको रहेछ ट्याक्सी ड्राइभर। उसले गौशलाको जामबाट बच्नका लागि वनकालीबाट ट्याक्सी छिरायो र गौरीघाट हुँदै चाबहिल उकाल्यो। म मिनेटमा घरभित्र छिरेँ, सेकेन्डमा नागरिकता टिपेँ र मिनेटमै ओर्लेर ट्याक्सीमा बसेँ। ट्याक्सीवालाले पूर्ववत् ट्याक्सी कुदायो। म बीसै मिनेटमा एयरपोर्ट पुगेँछु। छक्क पर्यो जाँचकी पनि – 'तपाईं उडेर जानु भयो कि गुडेर ?'

म प्रतीक्षाकक्ष निकट पुग्दा साथीहरू कक्षमा प्रवेश गर्दै थिए। उनीहरूले पनि जाँचकीकै शब्द दोहोर्याए। यात्राको बेलामा होस् या अरु अवस्थामा, मेरो कारणले अरुले दुःख पाउनुहुन्न वा मानसिक पीडा झेल्नुहुन्न भन्ने कुरासँग सधैँ सचेष्ट रहन्छु म। त्यसैले यात्रामा कसैलाई पर्खाएको रेकर्ड छैन मसँग र मेरो कारणले मानसिक पीडा वा आर्थिक भार थपिएको अनुभव पनि छैन अरु कसैसँग। अहिले चाहिँ केही समयका लागि भए पनि साथीहरूलाई मानसिक पीडा भयो तर स्थायीत्व लिन पाएन। *(क्रमशः)*

स्वास्थ्य

# बालबलिकाका लागि ध्यान दिनुपर्ने कुराहरु



घरको चालचलन, बोलीचाली, व्यवहार सबै कुरा बच्चाले सिक्छन् र त्यही अनुसार उसको जीवनशैली पनि निर्देशित हुन्छ। त्यसैले घरको वातावरण बच्चामा असल प्रवृत्तिको विकास गर्ने हुनुपर्छ।

बच्चालाई के सिकाउने भन्ने कुरा अभिभावकको हातमा हुन्छ। सानै उमेरमा बच्चालाई निम्न कुरामा अभ्यस्त गराउन उपयुक्त हुनेछ :

बच्चालाई चाडै उठ्ने बानी गराउनु पर्छ। चाडै उठ्नु शारीरिक तथा मानसिक स्वस्थ्यका लागि लाभदायक छ। साथसाथै, यसले समयको बचत पनि हुन्छ। संभव भएसम्म विहान घाम झुल्कनुअघि बच्चालाई उठ्ने बानी गराउनुहोस्। पढ्ने बच्चाका लागि बिहानको समय एकदमै अनुकुल हुन्छ। यतिबेला वायुमण्डलमा ताजा हावा चल्छ। वातावरण शान्त हुन्छ। साथै, चाडै उठ्दा होमवर्क गर्न, पाठ पढ्न लगायत दैनिक कार्य गर्न समेत समय पुग्छ।

सानै उमेरदेखि स्वस्थ्य दिनचर्या कसरी अंगाल्ने भन्ने कुरामा अभ्यस्त गराउन सकियो भने त्यसले जीवनभर फाइदा पुर्याउँछ। बच्चालाई चाडै उठाउने र उठ्नसाथ मनतातो पानी पिउने बानी गराउनुहोस्। बिहान उठ्नसाथ पिउने पानी शरीरको लागि लाभदायक छ। यसले शरीरका अंगहरूलाई सक्रिय गराउँछ।

अक्सर आमाबुवा बच्चालाई कुन समयमा दिसा-पिसाब गराउने भन्ने कुरामा चासो राख्दैनन्। त्यही कारण बच्चाहरूको दिसा-पिसाब गर्ने बानीमा अनियमितता हुन्छ। कहिले घुम्न गएको बेला त कहिले यात्रामै पनि उनीहरूलाई दिसा लाग्छ। यसले यात्रालाई झन्झटिलो बनाउने नै भयो। तर, यसमा तपाई स्वंमको गल्ती छ। यदि बच्चालाई सानै उमेरदेखि निश्चित समयमा दिसा गर्ने बानी गराउनु भयो भने तपाईले दुख झेल्नुपर्दैन। बच्चालाई बिहान उठेर मनतातो पानी पिइसकेपछि शौचालय जान अभ्यस्त गराउनु पर्छ। यसले उनीहरूको स्वास्थ्यमा फाइदा गर्छ।

सानै उमेरदेखि स्वस्थ्य ब्रेकफास्ट लिने बानी गराउनु पर्छ। दिसा-पिसाब त्याग गरिसकेपछि बच्चालाई ब्रेकफास्ट दिनुहोस्। पछि यो उनीहरूको बानीकै रुपमा विकास हुन्छ। ब्रेकफास्टमा तारेको, भुटेको वा बजारमा पाइने तयारी खानेकुरा होइन, आफैले तयार गरेको ताजा खानेकुरा दिनुहोस्। सम्भव भएसम्म तेलरहित खानेकुरा दिनुहोस्। यसमा फलफूल र दुध सामेल गर्नु सर्वोत्तम हुन्छ।

बच्चाको शरीर लचिलो हुन्छ। यहि उमेरदेखि योग तथा व्यायाम गर्न सिकाउनु बढी प्रभावकारी हुन्छ। नियमित योग एवं व्यायाम गर्यो भने उनीहरूमा रोगप्रतिरोधात्मक क्षमता त बढ्छ नै, पढेको कुरा पनि स्मरण गर्न सक्छन्। सानै उमेरमा योग, व्यायाम, ध्यान गर्न सिकायो भने उनीहरू खराब लतमा लाग्ने भय पनि रहँदैन।

बच्चालाई आफ्नो कामका लागि अरुमा निर्भर रहने बानी हटाउनुहोस्। कपि-किताव मिलाउने, आफ्नो पहिरन लगाउने, हातखुट्टा धुने, खानेकुरा खाने, खेलौना मिलाउने जस्ता काम बच्चालाई गर्न दिनुहोस्। यसले उनीहरूले श्रमको महत्व त बुझ्छन् नै, तपाई अतिरिक्त झन्झटबाट पनि मुक्त हुनुहुनेछ।

बच्चालाई जंक फूडको लतबाट मुक्त गराउनुपर्छ। कति अभिभावकले छिटो, छरितो खानेकुराको रुपमा बच्चालाई जंक फूड दिने गर्छन्। यसले उनीहरूलाई रोगी बनाउँछ। त्यसैले बच्चालाई सानै उमेरबाट ताजा, स्वस्थ्य खानेकुरामा अभ्यस्त गराउनुपर्छ। उनीहरूलाई मीठो ख्वाउने भन्दा पनि स्वस्थ्यकर खानेकुरा ख्वाउने बानी गरौं। किनभने बच्चाको जिब्रोलाई जस्तो खानेकुरामा बानी पार्यो, त्यसैमा स्वाद भिज्छ। सकेसम्म उसिनेको खानेकुरामा अभ्यस्त गराउनुपर्छ।

उनीहरूको खाना खाने तालिका नियमित गराउनुहोस्। ठीक-ठीक समयमा खानेकुरा खान अभ्यस्त गराउनुपर्छ। रातको खाना घाम डुब्नुअघि नै खान अभ्यस्त गराउनुपर्छ। यसले उसको पाचन यन्त्रमा नराम्रो असर पर्दैन। खाना खाएको केहि समयपछि मात्र सुत्न दिनुपर्छ।

कसरी खाने, कसरी हिँड्ने, कसरी बस्ने, कसरी बोल्ने, कसरी अरुको सामुन्ने प्रस्तुत हुने भन्ने कुरामा सानै उमेरदेखि अभ्यस्त गराउनु प्रभावकारी हुन्छ। बच्चालाई टेबल म्यानर सिकाउनुहोस्। हिड्ने र बोल्ने शैली सिकाउनुहोस्। पाहुना आउँदा कसरी प्रस्तुत हुने भन्ने कुरा पनि सिकाउनुहोस्।

## संविधान संशोधन गर्नुपर्नेमा जोड

काठमाडौं। तेस्रो राष्ट्रिय महाधिवेशनको तयारी रहेको नेपाल परिवार दलले देशलाई समृद्धिको दिशामा अगाडि बढाउन शासकीय स्वरुप परिर्वतन गर्नका लागि संविधान संशोधन गर्नुपर्नेमा जोड दिएको छ। परिवार दल निकट युवाहरूको संगठन पीस फोर्सले हालै आयोजना गरेको पार्टी प्रवेश तथा प्रशिक्षण कार्यक्रममा बोल्दै दलका अध्यक्ष एवम् पूर्वमन्त्री एकनाथ ढकालले जनताले दुई तिहाई मत दिँदा पनि देशले स्थिर सरकार पाउन नसकेको बताए। उनले यसो हुनमा मुलुकको शासकीय स्वरुप रहेको उल्लेख गर्दै यसलाई संविधान संशोधनमार्फत परिर्वतन गर्नुपर्ने बताए। उनले अब देशलाई प्रत्यक्ष कार्यकारी राष्ट्रपति शासन र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गर्नुपर्नेमा जोड दिए।

नेता ढकालले युवाशक्तिलाई सही रूपमा परिचालन गर्न सक्नुपर्ने धारणा व्यक्त गरे। उनले भने 'युवाशक्तिलाई सही रूपमा परिचालन गर्न सके त्यसले देशको भविष्य उज्यालो पार्दछ। युवाहरूले सदैव सकारात्मक सोच, देशभक्तिको भावना लिएर अगाडि बढ्नुपर्छ। युवायुवतीहरूलाई समष्टिगत भलाइको दृष्टिकोणबाट सेवा, त्याग र समर्पणको मार्गतर्फ अभिप्रेरित गर्नु आजको आवश्यकता हो।'

ढकालले नेपालमा वैकल्पिक लोकतान्त्रिक शक्तिको आवश्यकता निर्विकल्प रहेको बताउँदै अब उप्रान्त देशका बहुमत जनतालाई परिवार दलसँग जोड्न विशेष कार्यक्रम पार्टीले तर्जुमा गर्ने बताए। ढकालले कम्युनिष्ट र कांग्रेसको ध्रुवीकरण नौलो नभएको भन्दै यी दुई पार्टीमा खासै भिन्नता नरहेकोले सच्चा देशभक्त र लोकतन्त्रवादीहरूले जुझारु र जिम्मेवार नयाँ शक्ति निर्माण गर्नुपर्ने धारणा राखे।

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं महानगरपालिका-६ बौद्ध पिपलबोट नजिक ६ नम्बरको वडा कार्यालयको निर्माणाधिन भवनको दोस्रो तल्लामा हाल नाम, थर नखुलेका रामेछाप घर बताउने ४० वर्षीया उमा तामाङ नाम गरेकी महिला मंगलबार मृत अवस्थामा फेला परेकी छन्। गोरखा, गोरखा नगरपालिका-७ बतासेस्थित पौवाखेत बस्ने ६० वर्षीय चन्द्र बहादुर विक आफ्नै घरमा मंगलबार मृत अवस्थामा फेला परेका छन्। मोरङ, ग्रामथान गाउँपालिका-१ लखन्तरी खापटोल बस्ने ७५ वर्षीय घुरनलाल चौधरी आफ्नै घरदेखि करिब १ किलोमटर टाढा मंगलबार मृत अवस्थामा फेला परेका छन्। बाँके, डुडुवा गाउँपालिका-१ खडैचा बस्ने ८५ वर्षीय नन्कौ अहिर राप्तीसोनारी गाउँपालिका-६ भुरीडाँडा जंगलको भैंसीखोलाको पानी जमेको तलाऊमा मंगलबार मृत अवस्थामा फेला परेका छन्। मालपोत कार्यालय नेपालगंज बाँकेमा जान्छु भनि घरबाट हिँडेका उनी सम्पर्कमा नआएपछि उनको खोजी गर्ने क्रममा उक्त तलाऊमा शव फेला परेको हो।

# देशभक्त नगरबधुको रूमानी गाथा



विष्णु भट्टराई

आजभन्दा २५६२ वर्ष अघिको कुरा हो। जुन बेला सिद्धार्थ गौतमुबद्ध भनेर 'अहिंसा परमोधर्म' को प्रचार गरिरहेका थिए । गत वैशाख पूर्णिमामा बौद्धमार्गीहरूले उनको २५६२ औं जन्मजयन्ती विश्वभर विविध कार्यक्रम गरी मनाए । कुनै पनि प्राणीको बाँच्ने इच्चा हुन्छ, सबै प्राणी बराबर हुन्, कसैको पनि हत्या गरिनु अधर्म हो, उनको ज्ञानको सार तत्वको महिमा आज पनि उत्तिकै छ । उनलाई आदिम साम्यवादका जनकका रुपमा समेत लिइन्छ ।

बुद्धका उपदेशहरूले मानिसहरू प्रभावित हुँदै संघमा आबद्ध हुनेहरूको होडबाजी नै चलेको थियो । अँगुलीमाल जस्तो हत्यारो समेत बुद्धका शरणमा आएर भिक्षु बनेको थियो । नेपाली राजकुमार सिद्धार्थ भगवान बुद्धका रुपमा विश्वमाझ चिनिए । उनको ख्याति भूमण्डलभरि छायो । हो त्यही समयमा भारतमा एउटी अति सुन्दरी पनि चर्चाको शिखरमा थिइन् । बुद्धका बारेमा त सैसारकै ध्यान केन्द्रित भएको थियो । तर ती भारतीय सुन्तरताकी प्रतिमूर्तिको नाम भने भर्खरै मात्र भारत बाहिर समेत फैलिँदै थियो ।

उनी त्यसबेलाकी अत्यन्त रुपसी 'नगरबधु' थिइन् । चलनचल्तीको अर्थ सहरकी दुलही भन्ने बुझिन्छ, जसलाई चलनचल्तीको सामान्य भाषामा वेश्या अर्थात् आजकलको यौनकर्मी महिला भन्नुपर्छ। तर त्यसबेला धेरैजनासँग यौन सम्पर्क गर्नेहरूलाई वेश्या भनेर हियाउने प्रचलन थियो । ती नाम कहलिएकी सुन्दरी वेश्या थिइन् आम्रपाली ।

स्वर्गका यौनकर्मीहरू उर्वशी, रुम्भा, तिलोत्तमाको चर्चाभन्दा त्यसबेलाको भारतमा उनको चर्चा कम थिएन । साँच्ची उनलाई ईश्वरले बिदाको दिन कुँदेर बनाएझैं लाग्थ्यो । उनको सौन्दर्यको अघि सोह्र सिंगारले सिंगारिएका त्यसबेलाका राजकुमारीहरू पनि फिक्का लाग्थे । यी नवयौवनाको रुप र लावण्यले कुनै पनि पुरुषलाई बशिभूत नबनाई छोड्दैनथ्यो ।

आम्रपाली त्यसबेलाको भारतको वैशाली गणराज्यमा बस्थिन् । उनी यति सुन्दरी थिइन् कि उनलाई देख्नासाथ सामान्य मानिस मात्र होइन, राजा महाराज राजकुमारहरू समेतले आफू उभिएको धरातल बिर्सिन्थे ।


बडो अधैर्यताका साथ उनीहरू आम्रपालीसँग प्रेम प्रस्ताव राख्थे । उनी कल गर्ल भए पनि उनको बेजोडाको शारीरिक बनावट र सुन्दर हँसिलो चेहराले प्रत्येक पुरुषको मुटुको धड्कनलाई तेज गरिदिन्थ्यो । उनको सुन्दर मालिनी रुपमा अघि जस्तै ब्रह्मचारी, पत्नीव्रता वा मै हुँ भन्ने जस्तै पुरुषहरू पनि द्रविभूत हुन पुग्थे । उनलाई असंख्य राजा महाराजाहरूले आफ्नी महारानी बन्न प्रस्ताव पठाए । तर आम्रपालीले कसैको पनि प्रस्तावको जवाफ दिइनन् ।

उनी वैवाहिक जीवनको झन्झटमा फस्न चाहन्नथिन् । उनले कसैसँग पनि आजीवन विवाह गरिनन् । आम्रपाली कुनै राजाको अवैध सन्तान थिइन् । उनकी आमा कुमारी हुँदै उनी जन्मिएकी थिइन् । राजमहलको एउटा कर्मचारीले उनलाई पालेर हुर्काएको थियो । जब आम्रपाली वयस्क भइन् बेहद सुन्दरी बनिन । सायद उनलाई बनाउने ईश्वर पनि हैरान थिए । उनको देदीप्य मुखमण्डलले नै उनी कुनै राजघरानाकी सदस्य देखिन्थिन् । हो वास्तवमा उनी कुनै कामुक र स्वार्थी राजाकी सन्तान थिइन, एउटी रखैलकी छोरी । त्यसबेलाका राजा महाराजाहरूले राम्री केटी देख्नेबित्तिकै उनलाई रखैलका रुपमा राखेर यौन शोषण गर्ने गर्थे । त्यस्ता रखेलबाट जन्मिएका सन्तानले बाबुको नाम पाउँदैनथे न त रखेलले नै लोग्ने भन्ने अधिकार राख्थे ।









तिनताक दासीका रुपमा मात्र उनीहरू चिनिन्थे । अहिले पनि भारतीय सम्भ्रान्त समाजमा रखेल राख्ने प्रचलन विद्यमान छ । यसता रखेलहरू सिर्फ कामवासना पूर्तिका साधन मात्र मानिन्छन् । न त लोग्ने न त उसको सम्पत्तिमाथि नै उनीहरूको अधिकार हुन्छ । यो भारतीय कुप्रथाको रोग कतिपय नेपाली धनाढ्य पुरुषमा समेत सरेको पाइन्छ ।

त्यसबेला राम्री केटीहरूलाई राज्यले नै नगरबधु घोषणा गरिदिन्थ्यो । आम्रपाली पनि अत्यन्त सुन्दरी भएका कारण उनलाई नगरबधु घोषणा गरिनेछ भन्ने कुराले उनका पालनकर्ता अभिभावकहरूलाई चिन्तित तुल्याएको थियो । वैशाली राज्यमा उतिबेला नगरबधु घोषणा गर्ने चलन थियो । नगरबधुलाई सम्पूर्ण सुख सुविधाहरू दिएर विलासी जीवन व्यतित गर्न दिइन्थ्यो । तर उनीहरूलाई आफूखुसी विवाह गर्ने अधिकार थिएन ।

सबै नागरिकहरूको समान हक लाग्थ्यो नगरबधुमाथि । नगरबधुहरू राज्यकै सम्पत्ति ठहर्थे । आखिर जे कुराको शंका गरिएको थियो, त्यही भयो । सुन्दरी आम्रपाली नगरबधु घोषित भइन् । नगरबधुहरू विशेष गरेर नाचगानमा निपुण हुने गर्थे । आम्रपाली एक कुशल नृत्यंगना थिइन् । उनको नृत्यले चौतर्फी चर्चा पाएको थियो । ठूलठूला गाजलु आँखा, कसिलो उच्च वक्षस्थल, सुडौल हात पाखुरा, छिने्को कम्मर, चौडा निधार, लामो कालो केशराशि र मधुरवाणी आदि विशेषताले भरिपूर्ण आम्रपाली पायलको झन्कारसँगै नाच्न थालेपछि जो कोही पनि हेरेका हेर्‍यै हुन्थे ।

नगरबधुमाथि सबैको समान अधिकार भनिए पनि अभिभाज्य वर्ग, राजा, महाराजा र राजकुमारहरूले नै नगरबधुलाई आफ्नो प्रभावमा लिने गर्थे । उनको खास काम नाचगान गरी आम मानिसलाई मनोरञ्जन प्रदान गर्ने भए पनि राजा महाराजाहरू भने उनीहरूलाई आफ्नो हवसको सिकार बनाउँथे ।

सामान्य नागरिकहरू राजा महाराजाको विरुद्धमा उत्रन सक्दैनथे । यतिसम्म कि राजा महाराजाहरूले कुनै नगरबधुसँग रात बिताएपछि त्यस्ती नगरबधुलाई आँखा लगाउन कसैको हिम्मत हुँदैनथ्यो । ती नगरबधुलाई राजा महाराजाको आफ्नीका रुपमा हेरिन्थ्यो र तिनलाई कसैले छोएमा मात्र पनि दण्डको भागिदार बन्नुपर्थ्यो ।

आम्रपालीको सुन्दरताले उनलाई जीवनमा प्रशस्त मान सम्मान दिलायो । असंख्य धनाढ्य युवकहरू उनीसँग मरिमेट्न थालेका थिए । आम्रपालीको सुन्दरताको चर्चा वैशाली राज्य बाहिर पनि हुन थाल्यो । छिमेकी राजा रजौटाहरूले आम्रपालीसँग विवाहको प्रस्ताव राख्न थाले । उनले विवाह मात्र गनए हाँ गरिदिए अनन्त भौतिक सुविधाहरू प्रदान गरिने छ भनेर आम्रपालीलाई भन्ने गरिन्थ्यो तर आम्रपालीले विवाहका लागि मात्र होइन रातको सहबासका लागि पनि कसैलाई अनुमति दिइनन् ।

उनी विस्तारै पुरुषप्रति मोहभंग हुँदै गइन । आम्रपालीलाई भेट्न र उनीसँग गफ गर्न मात्र पनि धनाढ्यहरूले ठूलो धनराशि खर्चिन थाले । आम्रपाली के मन पराउँछिन् र कसरी उनलाई खुसी पार्न सकिन्छ, उनीसँग यौन आनन्द लिन सकिन्छ भन्ने कुराका विषयमा राजादेखि रंकसम्मले सोच्ने गर्थे । आम्रपाली भने पुरुषहरूको मौन आग्रहप्रति दिक्क हुँदै गएकी थिइन् । उनलाई पुरुष वर्गप्रति नै नफरत हुन थाल्यो ।

एकपटकको कुरा हो मगध राज्यका सम्राट विम्बसारले आम्रपालीलाई देखे । आम्रपालीको रुप देखेर उनी यति मोहित बनेकी आम्रपालीलाई महारानी बनाउन राजी भए । उनले आम्रपाली समक्ष विवाहको प्रस्ताव पठाए । महारानी बनाउने दृढता व्यक्त गरे । तर आम्रपालीले एक नगरबधुसँग राजाले विवाह गर्न सुहाउँदेन भनेर खबर पठाइन् । एकतर्फी प्रेम र वानसाइडेट लभमा परेका राजा विम्बसार पागल हुन लागिसकेका थिए । राजा विम्बसारले आम्रपालीको कुरा मान्न तयार भएनन् । उनी जसरी भए पनि आम्रपालीलाई प्राप्त गर्न चाहन्थे । यसका लागि उनी जनुसुकै कार्य गर्न तयार भए । प्रेम र युद्धमा जे पनि जायज हुन्छ भनेजस्तै भयो । आम्रपाली प्राप्तिका लागि उनी जुनसुकै मूल्य चुकाउन तयार भए । राजाले आम्रपालीले आफूसँग विह गर्न नमाने आम्रपालीकै नाममा प्राण त्याग्ने कुरा बताए ।

आम्रपाली बडो असमञ्जसमा परिन् । उनले सोचिन्, आफ्नै कारणले मगध राज्यका राजाले आत्महत्या गरे त्यहाँका जनताले अवश्य पनि राम्रो भन्ने छैनन् । विम्बसार अत्यन्त लोकप्रिय र साहसी राजा मानिन्थे । राजाको ढिपीका अगाडि आम्रपालीको केही जोड चलने । आखिर उनले एउटा प्रस्ताव पठाइन् ठीक छ म राजासँग विवाह गर्छु । तर विवाहअघि राजाले मेरो एउटा प्रस्ताव स्वीकार गर्नुपर्छ । राजा बिम्बसार अधैर्य बनिसकेका थिए । उनले खबर पठाए आम्रपाली तिमी भन मात्र म जे गर्न पनि तयार छु ।

प्रत्युत्तरमा आम्रपालीले प्रस्ताव राखिन्, अबदेखि नगरबधु राख्ने प्रथा अन्त्य गरिएको राजाबाट घोषणा होस् । परम्पराको विरुद्धमा उभिन राजालाई कठिन भयो । बरु उनले आम्रपालीलाई प्राप्त गर्न वैशाली राज्यमाथि आक्रमण गर्ने विचार गरे र आफ्ना सेना वैशाली राज्यमा उतारे । आम्रपालीले पनि आफ्नो सुन्तरताको बाहुबलले सम्पूर्ण वैशालीका युवाहरूलाई युद्धको मैदानमा उतारिन् र आफू स्वयंले मगध राज्यका सेनाहरूसँग लडिन् । आखिर जित वैशाली राज्यकै भयो । आम्रपालीलाई महारानी बनाउने राजा बिम्बसारको सपना पूरा हुन सकेन । सुन्दरता हेर्ने कुरा हो, छुन कोसिस गर्नु कहिलेकाहीँ मूर्खता ठहर्छ भन्ने कुरा राजा विम्बसारमा लागू भयो ।

यो घटनापछि वैशालीमा आम्रपालीको ठूलो इज्जत हुन थाल्यो । धनदौलत त उनीसँग छँदै थियो । यस्ती महान् नारीलाई नगरबधु बनाएकोमा सबैले पछुतो गरे । आम्रपाली पनि बौद्धधर्मप्रति आकर्षित बनिन् । उनले भगवान बुद्धलाई खाना खान निमन्त्रणा गरिन् । बुद्धले खुसी भएर आम्रपालीले आफ्नै हातले बनाएको खाना खाए ।

आम्रपालीको साहसबाट बुद्ध पनि प्रभावित भएका थिए । वेश्या पनि यी देशभक्त हुन्छन् भन्ने कुरा आम्रपालीले प्रमाणित गरेर देखाइदिइन् । उनी बौद्धधर्मावलम्बी बनिन् र भिक्षुणी भइन् । आफ्नो सारा सम्पत्ति संघलाई दिइन् । बुद्धधर्मको प्रचार गर्दै उनी हिँड्न थालिन् । लामो समयसम्म बुद्धधर्मको प्रचार गरी उनी तलाउको छेउमा एकदिन समाधिस्थ भइन् । आम्रपाली जस्ती वेश्याको देशभक्तिको यो गाथाले आजका यौनकर्मी महिलाहरूलाई पनि प्रेरणा दिन्छ कि ?

# खडेरी अन्त्य गर्न बालिकाहरूलाई निर्वस्त्र



अन्धविश्वासमा परेर मान्छेले के सम्म गर्छ भन्ने भारतको एउटा घटनाले देखाएको छ। भारतको मध्य प्रदेशको एक गाउँमा वर्षा नभएपछि ६ बालिकालाई निर्वस्त्र गाउँ घुमाइएको छ। बुन्देलखण्ड क्षेत्रको खडेरी परेको एउटा गाउँमा ती बालिकालाई भ्यागुतो बाँधिएको काठको मुढो बोकाएर हिँडाइएको भिडिओबारे सामाजिक सञ्जालमा चर्चा भएको छ। स्थानीय बासिन्दाहरू सो कार्यले वर्षाको भगवान् खुसी हुने र पानी पर्ने विश्वास गरेका छन्। भारतको बालअधिकार रक्षासम्बन्धी राष्ट्रिय परिषद्ले सो घटनाको बारेमा दामोह जिल्लाका अधिकारीहरूसँग सोधपुछसमेत गरेको छ। मध्य प्रदेश प्रहरीले सो घटनाका बारेमा औपचारिक उजुरी नआएको तर अनुसन्धान सुरु गरेको बताएको छ।

'समाचारमा आए अनुसार बालिकाहरूलाई निर्वस्त्र हिँड्न बाध्य पारिएको भए कारबाही गरिनेछ, प्रहरी उपरीक्षक डिआर तेनिवारले पत्रकारहरूसँग प्रतिक्रिया दिने क्रममा भनेका छन्। प्रहरीले गलत हो भने पनि त्यस कार्यमा संलग्न कसैलाई कारबाही गरिएको छैन। भिडिओमा ती बालिकाहरू सँगै हिँडेको र उनीहरूको पछिपछि महिलाहरूको एक हुल भजन गाउँदै हिँडेको देखिन्छ। निर्वस्त्र हिँडाइएका बालिकाहरू पाँच वर्षको भएको बताइएको छ। सो यात्रा प्रत्येक घरका रोकिएर अन्नदान लिँदै हिँडेको देखिन्छ। ती अन्न पछि स्थानीय मन्दिरको सामूहिक भान्छाका लागि दान दिइएको बताइएको छ। 'यसो गर्दा पानी पर्छ,' एक महिलाले भनेकी छन्।

दामोह जिल्लाका कलेक्टर एस कृष्ण चैतन्यले बालिकाहरूको अभिभावकहरूसँग स्वीकृति लिइएको र उनीहरूले पनि त्यसमा भाग लिएको बताएका छन्। 'यस्तो अवस्थामा प्रशासनले गाउँलेहरूलाई यस्तो अन्धविश्वासको सम्बन्धमा चेतना फैलाउने काम मात्रै गर्न सक्छ र यस्ता कार्यले नतिजा नदिने सम्झाउन सक्छ, उनले भने। भारतको कृषि मनसुनको वर्षामा भर पर्ने हुँदा धेरै ठाउँमा पानी पार्नका लागि भगवान खुसी पार्ने अनेक खाले पूजाआजाको चलन छ। कुनै समुदायले भ्यागुतो वा गधाको विवाह गरिदिने वा भजन गाउँदै जात्रा निकाल्ने गर्छन्।

कतिपयले यस्ता कार्यले आम मानिसहरूलाई दुःख बिर्सिन सहयोग गर्ने बताउँछन् भने संस्कृतिविज्ञहरूले यसले अन्त कतै सहयोग नपाएपछि मानिसहरूले गर्ने अभ्यासका रूपमा अर्थ्याएका छन्। तर, यसरी सडकमा बालिकालाई निर्वस्त्र बनाएर हिडाउनु भनेको गलत कार्य हो। गलत हो भन्ने जान्दा जान्दै पनि यसलाई रोक्न भने सकिएको छैन।

# अफगानिस्तानबाट विस्थापित बढे



संयुक्त राष्ट्रसंघ। यस वर्षमात्र अफगानिस्तानबाट ६ लाखभन्दा बढी व्यक्ति विस्थापित भएका संयुक्त राष्ट्रसंघीय मानवीय सहायतासम्बन्धी निकायले जनाएको छ। उक्त निकायका अनुसार यसवर्ष अफगानिस्तानमा हिंसाका कारण ६ लाख ३५ हजार जनाभन्दा बढी व्यक्ति विस्थापित भएका छन्।

उक्त निकायले तीमध्ये गएको महिना दिनमा मात्र कम्तीमा १२ हजार जना व्यक्ति विस्थापित भएर राजधानी काबुल आएका बताएको छ। यसरी काबुल आएकाहरूमध्ये अधिकांश अफगानिस्तानको पञ्जसिरबाट आएका हुन्। ती व्यक्ति पछिल्लो समयमा अफगानिस्तानमा तालिबानहरूले सुरु गरेको सत्ता कब्जा र त्यसपछि यहाँका तालिबान र सेनाबीचको भिडन्तका कारण विस्थापित हुन पुगेका बताएको छ। उता शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्च आयोगले पनि हालैमात्र अफगानिस्तानको अवस्थाको बारेमा विश्व समुदायको ध्यानाकर्षण गराएको थियो।

उक्त संस्थाले यहाँको अवस्था दिन प्रतिदिन खराब हुँदै गएको भन्दै सो निकायले अफगानिस्तानका नागरिकहरूका लागि पनि यहाँका तालिबानहरूसँग सम्पर्कमा रहेर नागरिकको अवस्थाको बारेमा जानकारी लिन र अत्यावश्यक परेको सहयोग लिनका लागि पनि आग्रह गरेको थियो।

अहिले अफगानिस्तानमा धेरै कुराको खाँचो रहेको र यहाँका नागरिकलाई खाना, औषधि, बास तथा अन्य सबै चिजहरू चाहिएको पनि सो संस्थाले हालै एक विज्ञप्ति प्रकाशन गरेर जानकारी गराएको थियो।

प्रेरक

## दृढ इच्छाशक्तिले नै सफलता

भिक्टर ह्युगोले भनेका थिए- हामीमा शक्तिको कमी छैन, बरु कमी छ दृढ इच्छा शक्तिको । कुनै पनि महान् उद्देश्य प्राप्तिका लागि दृढ निश्चय एवं अटल संकल्पको आवश्यकता पर्छ । संसारका ती सबै महान् व्यक्तिहरू केवल दृढ शक्ति र सामर्थ्यकै आधारमा माथि उठेका हुन् । याद राख्नोस् सफल हुनका लागि किन्तु, परन्तु, शंका, सन्देश र असम्भव' जस्ता शब्द आफ्नो जीवनबाट मिल्काइदिनोस् । कन्फ्युसियसले भनेका थिए- तपाईं कुनै पनि व्यक्तिको दृढ इच्छाशक्तिलाई परास्त गर्न सक्नुहुन्न बरु विशाल सेनालाई गर्न सक्नुहोला ।'

अब्राहम लिंकनको नै उदाहरण लिन सकिन्छ, उनी गरिबीमा जन्मेर गुण्डागर्दीमा परी हरेक प्रकारले निरुत्साहित हुनुपर्दा पनि माथि उठेर अमेरिका जस्तो राष्ट्रको राष्ट्रिय एकता र स्वाधीनताको सेनानी बन्न पुगे । उनको प्रब इच्छाशक्तिले नै उनको सफलताको मार्गप्रशस्त गरिदिएको हो । जुन समयमा उनले विधायकको निर्वाचनमा मनोनयन दाखिला गरे तब उनका दुश्मनहरूले ठूलो मजा उडाए । चुनाव प्रंचारको दौरानमा उनले जुन कोट लगाएका थिए, त्यसलाई लगाएर बस्न समेत गाह्रो हुन्थ्यो । उनले लगाएको पाइन्ट यति छोटो थियो त्यो घुँडासम्म आउँथ्यो । उनले शिरमा लगाएको ह्याट टिनले बनाएको थियो र खुट्टामा च्यातिएको बुट थियो । जब उनी विधानसभा - अमेरिकाको सिनेट) मा निर्वाचित भए, अनि उनले आफ्नो लागि एक जोर सुटको कपडा उधारोमा लिएर सिलाए ताकि विधानसभा सदस्यको सम्मानित रुपमा आफूलाई देखियोस् । तर विधानसभाको बैठकमा भाग लिन आउँदा उनलाई कैयौं माइल सडक पैदल हिँडेरै आउनुपर्थ्यो । अब्राहम लिंकन यसरी सफल हुनमा उनको दृढ इच्छाशक्ति नै प्रमुख कारण थियो । कुनै पनि व्यक्तिमा योग्यता तथा प्रतिभाको कमी हुँदैन । कमी हुन्छ र एक निश्चित उद्देश्य प्राप्तिका लागि दृढ इच्छाशक्तिको । तसर्थ तपाईं हामीले आफ्नो इच्छा शक्तिलाई दृढ पार्न सिक्नुपर्छ अनिमात्र विजय प्राप्त गर्न सकिन्छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

पछिका लागि केही वस्तु त्यागनुपर्ने हुन सक्छ । खर्च लागे पनि रोकिएका काम बन्नेछन् । लामो यात्रा गर्ने अवसर जुट्नुका साथै वैदेशिक क्षेत्र लाभदायक रहनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान हुने देखिन्छ । चुनौतीका बाबजुद स्वाभिमान रक्षा गर्न सकिनेछ ।

### वृष

आम्दानीका विभिन्न स्रोत फेला पर्नेछन् । मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । आँटले काम सम्पादन हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन प्राप्त हुनेछन् । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ ।

### मिथुन

अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । फाइदाका लागि नजिकिनेहरूले दुस्ख दिनेछन्, सजग रहनुहोला । मेहनतले उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ । विशिष्ट व्यक्तिहरूको साथ पाइनेछ । आँटले काम सम्पादन हुनेछ ।

### कर्कट

अरूको सहयोगमा जुट्नुपरे पनि आफैंलाई फाइदा हुनेछ । समाजमा तारिफयोग्य काम सम्पादन हुनेछ । मेहनतले राम्रै उपलब्धि दिलाउनेछ । रोकिएका काम समेत सम्पादन हुनेछन् । कर्मयोगले विशेष जिम्मेवारी दिलाउन सक्छ । सानो प्रयत्नले धेरैको भलाइ हुने काम शुभारम्भ हुन सक्छ । तर मेहनतको केही प्रतिफल अरूको हातमा पुग्न सक्छ, सजग रहनुहोला ।

### सिंह

काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ । आँटेका काममा बाधा उत्पन्न हुन सक्छ । पहिलेका समस्या दोहोरिनाले उत्साहमा कमी आउला । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । स्वास्थ्यमा कमजोरी देखापर्नुका साथै उपचारमा खर्च हुने योग छ । हुलमुलमा धनमाल हराउन सक्छ, सचेत रहनुहोला ।

### कन्या

दिन मनोरञ्जनपूर्ण रहनेछ । आतिथ्यपूर्ण सम्मानका साथ मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायका लागि यात्रा सम्भावना छ । सोख पूरा हुनुका साथै प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ । नयाँ ज्ञानले अध्ययनमा उत्साह जगाउनेछ । सुमधुर प्रेम वा दाम्पत्यले प्रफुल्लित भइनेछ । आम्दानी प्रशस्तै बढ्नेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ ।

### तुला

अलमल गर्ने बानीले समस्या निम्त्याए पनि मेहनतीहरूका लागि समय उत्साहजनक रहनेछ । सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । मेहनत गर्दा लक्ष्य प्राप्त गर्न सकिनेछ । आफ्ना सूचना बाहिरिने हुँदा गोपनीयतामा ध्यान पुर्याउनुहोला ।

### वृश्चिक

स्वास्थ्य कमजोर हुने देखिएकाले खानपानमा सजग रहनुहोला । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्न सक्छ । मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्ने योग छ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ ।

### धनु

रोकिएका घरेलु कामकाज बिस्तारै बन्नेछन् । हतारको निर्णयले भने काम बिग्रन सक्छ । दिगो योजना गोप्य राखेर अघि बढ्नुहोला । परिवारमा आमाको माध्यमबाट काम बन्न सक्छ । बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ । मेहनत गर्दा अध्ययनमा पनि प्रगति हुने समय छ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुनेछ ।

### मकर

प्रतीक्षित नतिजा कमजोर देखिए पनि दोहोर्याएर प्रयत्न गर्दा काम बन्न सक्छ । आफ्नाले सहयोग नगर्दा काम बिग्रने डरले सताइरहनेछ । मेहनतको फल अरूलाई सुम्पनुपर्ने स्थिति आउन सक्छ । ईर्ष्यालु मन भएकाहरूले सताउलान् । कृषिक्षेत्रमा भने अलि बढी परिश्रम र लगानी गर्नुपर्ला । व्यापार-व्यवसायमा थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ ।

### कुम्भ

मेहनतले सम्मानित स्थान समेत दिलाउनेछ । मान-सम्मान प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ भने चिताएको काम समेत सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका पाइनेछ । बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलामा निखारता ल्याउने अवसर प्राप्त हुनेछ ।

### मीन

सहयोगीहरू प्रशस्तै भेटिनेछन् । रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला । विगतको सफलताले थप काम गर्न हौसला मिल्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ । मनग्य धन आर्जन होला । विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने अवसर प्राप्त हुनेछ । विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । स्वास्थ्यमा अलि कठिनाइ आउन सक्ने भएकाले सतर्क रहनु पर्नेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Extenuate = कमजोर पार्नु वा कम गर्दै लग्नु Everyone should try to extenuate one's shortcomings rather than criticizing other's -हरेकले अरुको कमजोरीको खिल्ली उडाउनु भन्दा आफ्नै कमजोरीलाई कमगर्दै लग्ने कोशिस गर्नुपर्दछ )

Frenzied= अतिनै उत्तेजित Even the armed police could not control the frenzied crowds -शसस्त्र प्रहरिले समेत अतिनै उत्तेजित भिडलाई नियन्त्रणमा लिन सकेन )

Gouge = कोतरेर, कोपरेर वा प्वालपारेर नाश गर्नु Only a mad can gouge such a priceless painting -यस्तो अमूल्य कलालाई प्वाल पारी नाश गर्ने काम खाली पागललेमात्र गर्न सक्तछ )

Heresy = जनसाधारणको विश्वास विपरितको विचार Gailileo was tried for the heresy that earth moves around the sun -जनसाधारणको सुर्यले पृथ्विलाई घुम्छ भन्ने विश्वाश विपरित ग्यालिलियोले पृथ्विले सुर्यलाई घुम्छ भन्ने विचार राखेकोमा उन्लाई मुद्दा चलाइयो)

Heinous = पाशविक, क्रुर Hitler is regarded in the history as the one committing heinous crime -हिटलरलाई इतिहासमा पाशविक अपराध गर्ने व्यक्तिको रुपमा लिइन्छ )

Intransigence = संझौतामा नआउने The government had not expected intransigence from the striking worker -हडताल गरिरहेका मजदुरहरू संझौतामा नआउलान भनेर सरकारले आशा गरेको थिएन )

Litigation = झगडा, मुद्दा Every litigation should be settled amicably -हरेक झगडाको समाधान शान्तीपूर्वक गरिनु पर्दछ )

Moribund = मर्नलागेको, वन्द हुन लागेको The new management team transformed a moribund airline into profitable one -नयां व्यवस्थापनले वन्द हुनलागेको वायुसेवालाई पुन नाफाको स्थितिमा ल्याइदियो )

Nauseate = विरामी पारिदिने The foul smells began to nauseate the people living around -दुर्गन्धले वरिपरिको मानिसलाई विरामी वनाउन थाल्यो)

Opaque = घाम नछिर्ने The opaque window has made the room dark -घाम नछिर्ने झ्यालले कोठालाई अध्यारो वनाएको छ )

Pungent = तिखो Some cheeses have pungent odor that someone may not eat them -केही चिजहरूको गन्ध ज्यादैं तिखो हुनेहुदा कसैकसैले ती चिजहरू खान मनपराउँदैनन )

## Pass बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Pass the jam = पार पाउन It took me three hours to pass the traffic jam ट्राफिक जामबाट निस्कन मलाई तिन घण्टा लाग्यो ।

Pass a barrier = अल्झनबाट निस्कनु It will be difficult for you to pass such a barrier यस्तो अलझनबाट निस्कन तिमीलाई गाहारो हुनेछ ।

Pass some body in = नदेखेको जस्तो गरी जानु She passed me in the street without saying hello तिन्ले हेलो सम्म पनि नभनी बाटोमा नदेखेको जस्तो गरी गइन ।

Pass down = तलतिर लाग्नु The procession passed down the hill slowly जलुश विस्तारै डाडाबाट तलतिर लाग्यो ।

Pass through = भित्रभित्रै जानु As the main street was blocked, we passed through the lanes मुख्य सडकमा अवरोध भएको कारण हामी गल्ली भित्र भित्रै गयौं ।

Pass on = अगाडि वढ्नु She galnced at me and passed on तिन्ले मलाई पुलुक्क हेरेर अगाडि वढिन

Pass round = बेर्नु We passed the rope round the post हामलि खम्वालई डोरीले बेर्यौं ।

Pass somebody something = कसै तिर हुर्याउनु Pass me the dictionary please त्यो शब्दकोषलाई म तिर हुर्याउन !

Pass something = पास दिनु He passed me the ball very well so that I did goal उस्ले मलाइ राम्ररी वल पास गरेकोले मैले गोल गरे ।

Pass from … to = बदलिनु Water passes from liquid to solid when it freezes जम्दा पानी तरलबाट ठोसमा बदलिन्छ ।

### सुडोकु-अंक २३५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | १ | | | | | | | |
| | ९ | | १ | ५ | | | ४ | |
| ८ | | | | ४ | | | १ | ५ |
| | | ८ | ५ | ३ | | | | २ |
| | | | ८ | | ७ | | | |
| ३ | | | | ९ | ६ | ८ | | |
| ७ | ४ | | | ८ | | | | १ |
| | ५ | | | १ | ९ | | ८ | |
| | | | | | | | ९ | ३ |

### अंक २३४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | २ | ८ | ६ | ५ | १ | ७ | ९ | ४ |
| ५ | ९ | ६ | ८ | ७ | ४ | ३ | १ | २ |
| १ | ७ | ४ | २ | ३ | ९ | ६ | ५ | ८ |
| ९ | ४ | २ | ३ | ६ | ७ | १ | ८ | ५ |
| ६ | ५ | ३ | ९ | १ | ८ | ४ | २ | ७ |
| ७ | ८ | १ | ५ | ४ | २ | ९ | ६ | ३ |
| ८ | १ | ५ | ७ | ९ | ३ | २ | ४ | ६ |
| ४ | ६ | ७ | १ | २ | ५ | ८ | ३ | ९ |
| २ | ३ | ९ | ४ | ८ | ६ | ५ | ७ | १ |

# समाचार संक्षेप

## हत्या अभियोगमा पक्राउ

काठमाडौं । महोत्तरी, सोनमा गाउँपालिका-२ तरारी बस्ने ५५ वर्षीय रामप्रसाद यादवको कुटपिट गरी हत्या गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-७ सुन्दरपुर बस्ने ३५ वर्षीय मलेसी सदा र २६ वर्षीय नथु सदा रहेका छन् । सोही नगरपालिका-७ मैनटोलस्थित विश्वकर्मा पूजाको मेलामा पूजाको विषयमा विवाद भई कुटपिट हुँदा बेहोस भएका रामप्रसाद यादवको घरमा ल्याएपछि मृत्यु भएको थियो । उक्त खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गौशाला र प्रहरी चौकी मगरथानाबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

नवलपरासी (पश्चिम), पाल्हिनन्दन गाउँपालिका-१ रामपुरुवा बस्ने ३० वर्षीय जनिस चमारको कुटपिटबाट मृत्यु भएको छ । उनकै बुबा ४५ वर्षीय सिता रबिदास चमारले मादक पदार्थ सेवन गरी मुक्का प्रहार गर्दा गम्भीर घाइते भएका जनिसको चन्द्र अस्पताल परासीमा उपचारको क्रममा मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले रबिदासलाई नियन्त्रणमा लिएको छ ।

## लागूऔषधसहित पक्राउ

काठमाडौं । झापा, मेचीनगर नगरपालिका-४ राईसिंगस्थित नेपाल-भारत सीमा क्षेत्रबाट ९ ग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने लिसाईलो पदार्थसहित सोही ठाउँ बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बाहुनडाँगी र बिओपी बाहुनडाँगीबाट खटिएको संयुक्त प्रहरी टोलीले जाँच गर्ने क्रममा उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो । कास्की, पोखरा महानगरपालिका-३० पावरहाउस नजिकबाट करिब २ केजी अवैध लागूऔषध गाँजासहित पोखरा महानगरपालिका-१० रामबजार बस्ने १८ वर्षीय किशोरलाई आइतबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । काठमाडौंबाट पोखरातर्फ जाँदै गरेको ग.१ ख ९६२१ नम्बरको गाडीलाई वडा प्रहरी कार्यालय गगनगौडाबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा गाडीमा सवार उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

## गौबध गरेको अभियोगमा १० जना पक्राउ

मकवानपुर । गौबध गरेको अभियोगमा बकैया गाउँपालिका-११ कालिदमार बस्ने ३८ वर्षीय जनक बहादुर लोहार लगायत १० जनालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । बकैया गाउँपालिका-११ स्वबिमा गाई काटेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मकवानपुर समेतबाट खटिएको प्रहरीले उनीहरूलाई ५० केजी गाईको मासु सहित फेला पारी पक्राउ गरेको हो ।

## सवारी दुर्घटनामा परी मृत्यु

काठमाडौं । भक्तपुर, झापा र सुनसरीका छुट्टाछुट्टै स्थानहरूमा भएको सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु भएको छ । भक्तपुर, सूर्यविनायक नगरपालिका-२ बालकोटस्थित सडकमा लु।४ त ४६८२ नम्बरको ट्याक्टर ईन्जिनको भाग माथि उठी आफैं अनियन्त्रित भई आइतबार दिउँसो दुर्घटना हुँदा ट्याक्टर चालक भक्तपुर बालकोट बस्ने बर्दिया राजपुर घर भएका २५ वर्षीय रोशन चौधरीको मृत्यु भएको छ । ट्याक्टरको स्टेरिङमा च्यापिन गई गम्भीर घाईते भएका उनको मध्यपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

झापा, अर्जुनधारा नगरपालिका-२ घर्लेनी टोलस्थित सडकमा ना।१ क ५४०० नम्बरको क्रेनबाट लडेर मदन भण्डारी लोकमार्गको पुल निर्माण गर्ने रसवागढी कन्ट्रक्सनका कामदार सप्तरी बोधेबर्साइन बस्ने ३५ वर्षीय जोगेन्द्र प्रसाद साहको आइतबार साँझ मृत्यु भएको छ । उक्त क्रेनबाट लडि क्रेनको पछाडीको चक्काले किच्दा उनको घटनास्थलमै मृत्यु भएको हो ।

सुनसरी, धरान उपमहानगरपालिका-८ सेउती जंगलस्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकल आफैं अनियन्त्रित भई सोमबार बिहान दुर्घटना हुँदा मोटरसाइकलमा सवार मोरङ ग्रामथान गाउँपालिका-३ बस्ने २१ वर्षीय रोशन भगतको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको बिराट नरसिंह अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार रहेका मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

## जंगली हात्तीले कुल्चेर मृत्यु

सुनसरी । बराहक्षेत्र नगरपालिका-११ खत्वे टोल बस्ने ६५ वर्षीया ममनी देवी खत्वेको जंगली हात्तीले कुल्चेर सोमबार दिउँसो मृत्यु भएको छ । सोही ठाउँस्थित बारीमा घाँस काट्ने क्रममा वन्यजन्तु आरक्षणबाट अचानक आएको जंगली हात्तीले शरीरको विभिन्न भागमा कुल्चन जाँदा घाइते भएकी उनको घरतर्फ ल्याउदै गर्दा बाटैमा मृत्यु भएको हो ।

## मृत अवस्थामा फेला

काठमाडौं । कैलाली, जानकी गाउँपालिका-९ शिवशक्ति सामुदायिक वन पछाडि कर्णाली नदीको किनारमा करिब ४५ वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् । रुपन्देही, बुटवल उपमहानगरपालिका-१६ नरेनापुरस्थित दानव खोलाले बगाइ ल्याएको अवस्थामा करिब १८ महिनाको बालक सोमबार मृत फेला परेका छन् ।

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं, गोकर्णेश्वर नगरपालिका-५ जोरपाटी डेरा गरी बस्ने भारत मोतिहारी घर भएका ५५ वर्षीय अहमद अन्सारी आफ्नै कोठामा सुतिरहेकोमा सोमबार मृत अवस्थामा फेला परेका छन् । धादिङ, गल्छी गाउँपालिका-४ मासटारस्थित घरको आँगनमा गल्छी गाउँपालिका-४ बेल्टार बस्ने ६४ वर्षीया जमुना रोक्का सोमबार मृत अवस्थामा फेला परेका छन् ।

काभ्रे, पनौति नगरपालिका-१२ खारखोला दोवानस्थित कोहिनुर ढुङाखानीमा काम गर्ने उदयपुर गाईघाट त्रियुगा नगरपालिका-१५ घर भएका ४२ वर्षीय बिक्रम राणा मगर खाना खाई सुतेकोमा सोमबार मृत अवस्थामा फेला परेका छन् । धनुषा, धनुषाधाम नगरपालिका-२ धर्मपुरस्थित पोखरीमा सोही ठाउँ बस्ने २९ वर्षीया अर्चना सिंह र उनका छोरा ४ वर्षीय क्रस कुमार सिंह सोमबार मृत अवस्थामा फेला परेका छन् ।

## करेन्ट लागेर मृत्यु

बाँके । बैजनाथ गाउँपालिका-१ गाभर बस्ने १८ वर्षीया माया थापाको करेन्ट लागेर सोमबार बिहान मृत्यु भएको छ । सोही ठाउँस्थित होमस्टे जाने सडक नजिक खेतबारीमा घाँस काट्न गएको अवस्थामा बँदेल भगाउन राखेको नाङ्गो तारमा परेर करेन्ट लाग्दा उनको मृत्यु भएको हो ।

## डुबेर मृत्यु

काठमाडौं । काठमाडौं, चन्द्रागिरी नगरपालिका-१० हिरा इँटाभट्टामा काम गर्ने रनियापुर नगरपालिका-१९ घर भएका २७ वर्षीय पूर्ण बहादुर तामाङको इँटाभट्टा नजिकै ईनारमा डुबेर आइतबार दिउँसो मृत्यु भएको छ । डुबेर अशक्त भएका उनको ओम समाज अस्पताल सिप्रदी हुँदै ललितपुरस्थित स्टार अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । सिन्धुली, कमलामाई नगरपालिका-६ शिवनगर बस्ने सन्तोष नेपालीकी छोरी ८ वर्षीया सुवश्री परियारको सोही ठाउँस्थित ग्वाङखोलामा डुबेर आइतबार दिउँसो मृत्यु भएको छ । उक्त खोलामा डुबेर अशक्त भएको अवस्थामा बाख्रा गोठालाले देखेर खोलाबाट निकाली उनका बुबा समेतले उपचारको लागि जिल्ला अस्पताल सिन्धुली लगेकोमा उनको उपचारको क्रममा मृत्यु भएको हो ।

बर्दिया, गुलरिया नगरपालिका-८ आशापुर बस्ने प्रमोद लोधकी छोरी १२ वर्षीया साल्मा लोधको घरबाट ३ किमि टाढा रहेको सुजरपुर नालामा डुबेर आइतबार दिउँसो मृत्यु भएको छ । बुबाआमासँग उक्त नाला नजिकै खेतमा गएको अवस्थामा नालामा डुबेर अशक्त भएकी उनको उपचारको लागि बर्दिया अस्पताल गुलरिया पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

## करेन्ट लागेर मृत्यु

काठमाडौं । काठमाडौं, बुढानीलकण्ठ नगरपालिका-३ रुद्रेश्वरमा ढल खन्ने क्रममा करेन्ट लागेर सोही नगरपालिका-४ पासिकोट बस्ने नुवाकोट घर भएका ४० वर्षीय प्रबिन तामाङको आइतबार साँझ मृत्यु भएको छ । ढलान फुटाउने मेसिनबाट करेन्ट लागि गम्भीर घाईते भएका उनको करुणा अस्पताल चुनिखेलमा उपचारको क्रममा मृत्यु भएको हो ।

# Third Enlarged Meeting of Political Bureau of 8th WPK Central Committee Held



The Third Enlarged Meeting of the Political Bureau of the 8th Central Committee of the Workers' Party of Korea was held at the office building of the Party Central Committee on September 2 at a time when all the people are out in the advance to attain the first year's goal in the implementation of the decisions of the Party Congress by making strenuous efforts and displaying tremendous fighting power under the leadership of the great Party.

Kim Jong Un, general secretary of the WPK, attended the meeting.

Present at the meeting were members of the Presidium of the Political Bureau of the WPK Central Committee and members and alternate members of the Political Bureau of the Party Central Committee.

Attending the meeting as observers were officials of the departments of the Party Central Committee, chief secretaries of the provincial, city and county Party committees, chairpersons of the provincial, city and county people's committees, leading officials of public security and prosecutorial institutions, complexes and major factories and officials of the Cabinet, relevant ministries and national agencies, armed forces organs and the emergency epidemic prevention sector.

Upon authorization of the Political Bureau of the Party Central Committee, Kim Jong Un presided over the meeting.

Explaining the purpose and significance of the enlarged meeting of the Political Bureau before discussing agenda items, the respected General Secretary referred to the importance for the provinces, cities and counties to fulfil their responsibilities in promoting the major policy tasks of the Party and the state, and reviewed and analyzed the problems urgent for protecting the safety of the people's lives and stabilizing the people's living.

The General Secretary said that the meeting should take practical measures for vigorously promoting the mid-term and long-term prospective undertakings, like preserving land and environment conducive to the eternal prosperity of the country and for successfully carrying out urgent immediate tasks, and presented agenda items to be discussed at the current meeting.

The Political Bureau of the Party Central Committee discussed the presented agenda items and unanimously approved them.

The enlarged meeting of the Political Bureau importantly studied and discussed issues of thoroughly implementing the Party's policy on land management, taking thoroughgoing epidemic prevention measures as the global health crisis is getting worse day by day, increasing the production of consumer goods and successfully finishing this year's farming.

First of all, the respected General Secretary analyzed and reviewed in detail the land management state of the country and clarified the tasks and ways for decisively improving the land management by enhancing the roles of the provinces, cities and counties.

Saying that the Party has consistently emphasized the land and environment conservation ever since the liberation and has been pressing ahead with the work as a more important political task in recent years, he stressed that land management means just the economic construction, the safety of the people and the essential condition for state development in the country with lots of mountains and rivers and long coastlines.

It is the core idea of the enlarged meeting for all the cities and counties to make their areas remain unperturbed and safe from any natural disasters by vigorously pushing forward with the land management by their own efforts, he noted.

He called on the Party organizations and power organs in the provinces, cities and counties to be well aware of the importance and urgency of the land management and the demand of the Party Central Committee at the present time and go all out for implementing the Party's policy on land management.

What is more important than anything else is to maintain the viewpoint and attitude of considering the land management as the most priority task in carrying out the Party's economic policy and concentrating efforts on it, he said, adding that it is urgent to practically uproot even a single underlying dangerous factor obstructing socialist construction at present.

Noting that the viewpoint and attitude on the land management is directly linked with the attitude of defending the Party and the revolution and of loving the state and the people under the situation where the disastrous weather is getting ever more pronounced worldwide and the country is also lying vulnerable to its danger, he asked all the senior provincial, city and county officials to bear in mind that no success can be expected in their work without performing the land management and to pay the closest attention to it.

He called on the Party organizations and power organs in the provinces, cities and counties to take practical measures and map out correct action programs for decisively improving the land management.

Noting that Songchon County of South Phyongan Province and Unsan County of North Phyongan Province, which used to be the repeated flood victims, have exerted primary efforts on land management and are now benefiting from it, he called on all the cities and counties to dramatically spruce up themselves by learning from the successes and experience of those counties which enhanced the organizing and executive abilities of the Party organizations and power organs in implementing the Party's policy in the arduous struggle for nature-remaking and aroused all the people's confidence and courage.

He underlined the need to take thoroughgoing measures to overcome abnormal climate, the danger of which has become greater in recent years, and to work out active and ambitious plan to conclude river improvement, afforestation for erosion control, dyke maintenance and tide embankment projects in the main and enter into their regular management in the five-year plan at least.

The General Secretary elaborated on consolidating material and technical foundations for dynamically pushing ahead with huge nature-remaking project, taking detailed crisis control measures to minimize natural disasters including flood and typhoon damage and applying control by law. He also detailed the need for leading officials of the provinces, cities and counties to undertake concrete operation and command with full responsibilities for land management in their areas.

Stressing that nothing will be impossible if the might of the Korean people united with a single mind is organized and aroused and officials fulfil their responsibilities and duties as commanding officials of the revolution, he appealed to all to make redoubled efforts to bring about a decisive turn in implementing the Party's policy on land management.

Then, he mentioned further tightening the nationwide epidemic prevention, given the further worsening world health crisis.

Saying that the present dangerous situation of the worldwide pandemic which keeps spiraling out of control demands tighter nationwide epidemic prevention measure, he emphasized that all the Party organizations and officials should reexamine the national epidemic prevention system and the work in this field, and conduct a political, intensive offensive to strain and awaken the epidemic prevention front once again.

He underscored the need to rely more firmly on the method of ensuring the unity of all the people in thought and will and their high awareness in the epidemic prevention and for the officials to maintain full awareness and high responsibilities to fully guarantee the epidemic prevention security in their areas and units before the Party and the state.

He called for fully providing material and technical means necessary for strengthening epidemic prevention, enhancing the professional qualifications and roles of the officials in the epidemic prevention sector and further rounding off the Korean-style epidemic prevention system.

He called on all the officials to bear in mind that tightening epidemic prevention is the task of paramount importance which must not be loosened even a moment under the present situation, and to display high awareness and dedication to actively contribute to reliably safeguarding the safety of people and the well-being of the country.

Then, the General Secretary set forth tasks to increase the production of consumer goods in the light industry sector.

He noted that the officials in the light industry sector are required to organize and carry out the work for accomplishing this year's plan on their own initiative with anticipation and dynamism, adding that they should have their Party spirit and popular spirit verified with substantial results.

Pointing to the need to give precedence to providing raw and other materials needed for light industry factories in decisively increasing the production of consumer goods, he took important measures for it.

He noted that all the sectors including key industries should observe strict discipline to provide materials needed for the production of consumer goods on a preferential basis, bearing in mind that the mission of the economy is to meet people's material demand.

He underlined the need for the provincial, city and county Party committees to take strong measures to provide raw and other materials to their local industry factories to suit the specific conditions of their areas. He said that the light industry sector should conduct recycling in a more active, scientific and technical way, organize the production and supply of consumer goods in a planned and effective way, based on the overall and detailed study of the people's demand in their living. He also underlined the need to actively conduct the production of August 3 consumer goods.

Enhancing the quality of consumer goods is as important as increasing their production, he said, calling for enhancing the role of scientists and technicians, raising the level of technical skill of producers and strengthening quality inspection so as to produce quality goods.

He stressed that the Party organizations in the light industry sector should conduct another round of ideological campaign to carry out the Party's policy on light industry and thus fully arouse the enthusiasm of the officials and producers and thoroughly carry out the task for the first year of the five-year plan with an innovative surge in the production of consumer goods.

At the meeting, the General Secretary set forth tasks to conclude this year's farming well and attain the planned grain production goal without fail.

Recalling that thanks to the powerful assistance from the entire Party, the whole country and all the people the agricultural field has waged strenuous struggle to increase grain production this year despite unfavourable abnormal climate and though everything was in short supply, he called for concentrating efforts on increasing the grain yield as much as possible before harvesting for the present.

He stressed the need for all the officials, Party members and other working people in the agricultural sector to turn out as one and conduct dynamic political and increased production agitation to give further momentum to supporting rural communities throughout society.

He emphasized the need to ensure as shrewd organization and commanding as possible to fully mobilize labour force and means to harvesting and threshing, to ensure responsible state provision of farming materials and equipment and to improve grain transport, processing and supply.

He gave an instruction to the Party Central Committee to take measures to successfully conclude this year's farming and to make a breakthrough in settling the food problem for the people.

Relevant decisions were adopted at the meeting.

Next, the enlarged meeting dealt with an organizational matter.

Concluding the meeting, the General Secretary stressed time and again for all the officials in Pyongyang and in other provinces to be deeply aware of their heavy missions before the Party, the revolution and the people and display indomitable mental strength, exert strenuous efforts and demonstrate persevering execution in carrying out the decisions and instructions of the Party.

The Third Enlarged Meeting of the Political Bureau of the Eighth WPK Central Committee marked an important occasion that demonstrated once again the invincible leadership of the Party Central Committee by which it fully organizes and arouses the tremendous might of unity and militant power of the entire Party and all the people to courageously overcome all difficulties and obstacles and confidently lead socialist construction.

KCNA

## इपिजी...

थिएन । २९ र ३० चैत २०७४ मा दिल्लीमा बसेको आठौं बैठकमा १९५० को सन्धि र नेपाल भारत सीमा नियमनको विषयमा आठ घन्टाभन्दा लामो छलफल भएको थियो । विश्वस्त स्रोतका अनुसार नेपाली नागरिकलाई भारतमा विदेश सेवाबाहेकका सबै सरकारी सेवामा अवसर दिनुका साथै सम्पत्ति खरिद गर्ने सुविधा हुँदा पनि नेपालले भारतीयलाई त्यो सुविधा नदिएकोमा पनि भारतको आपत्ति छ । त्यस्तै नेपालमा काम गरिरहेका भारतीय शिक्षकलाई पेन्सन लगायतका सुविधा नदिएको, प्रतिवेदनले भारतको सुरक्षा चासो सम्बोधन नगरेको लगायतका विषयमा भारतको असहमति छ ।

इपिजीले तयार गरेको प्रतिवेदनको सीमा व्यवस्थासम्बन्धी विषयमा भारतको विहार सरकारले केन्द्र सरकारसँग असहमति राखेको थियो । प्रतिवेदनमा रहेको खुला सिमाना कायम राख्ने तर सीमा वारपार गर्दा दुवै देशका जनताले परिचय पत्र देखाउनुपर्ने व्यवस्थामा विहारले आपत्ति जनाएको थियो । भारतमा पछिल्लो लोकसभा निर्वाचन हुनुअघि विहारले प्रधानमन्त्री मोदीलाई विरोध पत्र बुझाएको थियो । सीमा आवतजावतमा परिचयपत्रको सिफारिसबारे उत्तर प्रदेश, पश्चिम बंगाल, उत्तराखण्ड र सिक्किम राज्यबाट भने विरोध भएको छैन । नेपालको प्रदेश २ सरकार पनि इपिजीको प्रतिनिधित्व र सिफारिस भएको विषयमा असन्तुष्ट छ । इपिजीमा मधेशबाट प्रतिनिधित्व नभएको र दुई देशका जनताको सांस्कृतिक सम्बन्धमा अप्ठेरो पार्ने गरी सीमा नियमनको सिफारिस गरिएकोमा प्रदेश सरकार सन्तुष्ट छैन । प्रदेश २ को सीमावर्ती विहार सरकारले पनि जनस्तरको आवतजावतमा असर पर्ने गरी परिचयपत्रको व्यवस्था गर्न नहुने लबिङ दिल्लीमा गरेको थियो । विहार सरकारको असन्तुष्टिपछि कूटनीतिक समुदाय र सुरक्षा सम्बद्ध विभिन्न निकायले पनि विरोध जनाउन थालेपछि प्रधानमन्त्री नरेन्द्र मोदीले प्रतिवेदन बुझ्न चासो दिएका छैनन् । परिचय पत्रका आधारमा सिमनामा आवतजावत गर्ने व्यवस्था र तेस्रो देशबाट नेपालले हतियार खरिद गर्न पाउने व्यवस्थाले मात्रै भारतको सुरक्षा चासो सम्बोधन नहुने सुरक्षा विश्लेषण भारतको छ ।

**यी हुन् भारतका असहमति**

प्रतिवेदनको अन्तर्वस्तुमा नेपाल भारत समानताको आधार छ । यो कुरा भारतलाई मन परेको छैन । नेपाली नागरिकलाई भारतमा विदेश सेवाबाहेक सबै सरकारी सेवामा अवसर दिनुका साथै सम्पत्ति खरिद गर्ने अधिकार हुँदा पनि नेपालले भारतलाई त्यो सुविधा नदिएकोमा भारतको आपत्ति छ । नेपालमा काम गरिरहेका भारतीय शिक्षकलाई नेपाली शिक्षक सरह पेन्सन लगायतका सुविधा नदिएकोमा पनि भारतको गुनासो छ ।

असमान रहेका सन् १९५० को सन्धिका चारवटा धारा नेपालले पुनरावलोकनको प्रस्ताव गरेको छ । यो पनि भारतलाई मन परेको छैन । त्यसै पनि आफ्ना लागि असमान रहेको सन्धि पुनरावलोकन हुँदा थप असमान हुने दाबी उसले गरिरहेको छ ।

इपिजी प्रतिवेदनमार्फत नेपालले भारतसँगको परापूर्वदेखिको विशेष सम्बन्ध भत्काउन चाहेको आरोप पनि भारतको छ । यस्तो प्रतिवेदन किन स्वीकार गर्ने भन्ने भावना भारतमा बढेको छ । प्रतिवेदनबारे नेपालमै पनि फरक मत रहेको भारतको भनाइ छ । आधा जनसंख्याको प्रतिनिधित्व गर्ने मधेसले प्रतिवेदनमा असहमति जनाएको उसको जिकिर छ । खुला सीमाका विषयमा नेपालमा भएको असन्तुष्टिलाई इन्कार गरेर जान नसकिने भारतको भनाइ छ । प्रतिवेदनले भारतको सुरक्षा चासो सम्बेधन नगरेको पनि भारतको छ । परिचय पत्रको आधारमा आवतजावत गर्ने व्यवस्था र तेस्रो देशबाट नेपालले हतियार खरिद गर्न पाउने व्यवस्थाले मात्र भारतको सुरक्षा चासो सम्बोधन नहुने उसको बुझाइ छ ।

**नेपालले परिवर्तन चाहेका १९५० को सन्धिका ४ धारा**

**धारा २** : कुनै राष्ट्रसँग खलबल वा फाटो पर्न आई त्यसबाट दुई सरकारको बीचमा रहेको मैत्रीको सम्बन्धमा व्यवहार गर्न नसकिने प्रस्ताव राखेको छ । नेपालको जनसंख्या र भूगोलअनुसार यो कार्यान्वयन सम्भव नहुने नेपाली पक्षका भनाइ छ ।

**धारा ७** : नेपाल सरकार र भारत सरकारले आफ्ना राज्य क्षेत्रमा रहेका अर्को मुलुकका जनतालाई निवास सम्पत्तिको भोग, व्यापार, वाणिज्यमा भाग लिन चलफिर गर्न र अरु त्यस्त प्रकारका विशेषधिकारहरूका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार लिनलाई कबुल गर्छन् । भारत र नेपालको जनसंख्या र भौगोलिक आकार फरक भएका कारण यो कार्यान्वयन हुन नदिने र यो प्रावधान संशोधन गर्नुपर्ने नेपालको प्रस्ताव छ । भारतले नेपालीलाई दिएको अवसर निरन्तर दिइनुपर्नेमा नेपाली पक्षले जोड दिएको छ ।

## नेपालको...

रूपमा बढेको, सेवा र पर्यटन क्षेत्रको वृद्धि सीमित देखिएका कारण एडिबीले यसअघि प्रक्षेपण गरेभन्दा कम आर्थिक वृद्धि हुने औंल्याएको हो । पूर्ववर्ती केपी ओली नेतृत्वको सरकारले चालू आवमा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको थियो । शेरबहादुर देउवा नेतृत्वको नयाँ सरकार आएपछि आर्थिक वृद्धिको लक्ष्यलाई एक प्रतिशत बिन्दुले बढाएको छ । अर्थमन्त्री जनार्दन शर्माले प्रतिस्थापन विधेयकमार्फत बजेट ल्याएर चालू आवमा सात प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेका छन् ।

सरकारले अघि बढाएको खोप अभियान र जनताले गरेको पूर्वसावधानीले संक्रमणदर नियन्त्रण हुने एडिबीले उल्लेख गरेको छ । अहिले चलिरहेको खोप अभियानले आर्थिक वृद्धिलाई सघाउने नेपालका लागि एडिबीका देशीय निर्देशक आर्नो कोस्वाले बताए ।

एडिबीका अनुसार मनसुनका कारण धानको उत्पादन बढ्न गई कृषि क्षेत्रको वृद्धि हुनेछ । त्यस्तै, औद्योगिक उत्पादन र निर्यातसमेत बढ्नेछ । एडिबीले चालू आवमा नेपालको मूल्य वृद्धि ५.२ प्रतिशत रहने प्रक्षेपण गरेको छ । गत आवमा ३.६ प्रतिशत रहेको मूल्य वृद्धि चालू आवमा बढ्ने एडिबीको प्रक्षेपण छ ।

## मन्त्रिस्तरीय...

भारतले राम्रो मानेको छैन ।

पाकिस्तानले बैठकमा अफगानिस्तानलाई समेटेको खण्डमा मात्र मन्त्रिस्तरीय बैठकमा सहभागिता जनाउन सक्ने बताएको भारतीय सञ्चारमाध्यमहरूले दाबी गरेका छन् । पाकिस्तान पक्षले भने भारतले आफ्नो बारेमा भ्रम फैलाएको भनेको छ । पाकिस्तानी विदेश मन्त्रालयका प्रवक्ता असिम इफतिरवार अहसदले आफूविरुद्ध भारतले फेरि एकपटक मिथ्या समाचार फैलाएको र भारतीय मिडियाले विश्व समुदायमाझ पाकिस्तानलाई गलत रुपमा देखाउने प्रयास गरेको बताएका छन् ।

सार्कको चार्टर्ड अनुसार कुनै एक सदस्यले नमानेको खण्डमा शिखर सम्मेलन जस्ता ठूला कार्यक्रम हुँदैनन् । अनौपचारिक मन्त्रिस्तरीय बैठक भने ६ मुलुकसम्मको सहभागितामा हुने परम्परा छ । अफगानिस्तानको नयाँ तालिवान सरकारलाई दक्षिण एसियाका कुनै पनि देशले हालसम्म मान्यता दिएका छैनन् । तालिवान आफूलाई अन्तर्राष्ट्रिय मान्यता खोज्दैछ । यही कारण राष्ट्रसंघको महासभा र सार्कको परराष्ट्रमन्त्री स्तरीय बैठकमा तालिवानले आफ्नो सहभागिता खोजिरहेको छ । अफगानिस्तानमा दुई दशक लामो हिंसात्मक विद्रोह गरी तालिवानले अमेरिकी सैनिकहरूलाई लखेटेर हालै मात्र सत्ता आफ्नो नियन्त्रणमा लिएको हो । सन् १९९६ मा अफगानी सत्ता सम्हालेका तालिवानले त्यसबेला देशमा सरिया कानुन लागू गरेर महिलाहरूलाई बुर्का र घरभित्र कैद गरेको थियो । अहिले पनि त्यहाँ सहशिक्षाको नीतिलाई लागू गरेको छैन । सरकार विस्तारमा पनि महिलालाई सहभागी गराएको छैन ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्क सन् १९८५ डिसेम्बरमा औपचारिक रुप लिएको क्षेत्रीय सहयोग संगठन हो । मूलतः दक्षिण एसियाली क्षेत्रमा साझा हितमा काम गर्ने संगठनको आवश्यकता महसुस गरी यसको स्थापना भएको हो । सुरुमा ७ संस्थापक रहेको यस संगठनमा सन् २००५ मा अफगानिस्तानले प्रवेश गरेपछि यसको सदस्य संख्या आठ पुगेको हो । हालसम्म १८ वटा शिखर सम्मेलन सम्पन्न भइसकेको यस संगठनको ९-१० नोभेम्बर २०१६ मा पाकिस्तानको राजधानी इस्लामावादमा आयोजना हुने तय भएको १९ औं शिखर सम्मेलन भने हलसम्म हुन सकेको छैन । स्थगन भएको पाँच वर्ष भइसके पनि हालसम्म यो सम्मेलनको अर्को मिति तय हुन सकेको छैन । स्मरणीय छ, अर्को सम्मेलन नभएकै कारण सन् २०१४ को १८ औं शिखर सम्मेलन आयोजक नेपाल नै सार्कको अध्यक्ष रहेको छ ।

कुनै एक सदस्य राष्ट्रले सहभागिता हुन असमर्थता जनाए मात्र पनि शिखर सम्मेलन स्थगित हुने प्रावधानका कारण बेला बेलामा शिखर सम्मेलन स्थगित नभएका होइनन् । तर १९ औं शिखर सम्मेलनको हकमा भारत र पाकिस्तान सम्बन्धमा आएको कटुताका कारण भारतले सम्मेलनमा सहभागी हुन असमर्थता जनाएको हो । उसकै पछि पछि अन्य केही सदस्य राष्ट्रसमेत सम्मेलनमा सहभागिता नजनाउने जानकारी गराएका कारण शिखर सम्मेलन स्थगित भएको थियो । गरिबी र आतंकवाद यस क्षेत्रका साझा समस्या हुन् । विश्वको एक चौथाइ जनसंख्या ओगटेको यस क्षेत्रमा यिनै समस्याविरुद्ध एक भई लाग्ने प्रतिबद्धता जनाउने गरे पनि सो अनुरुपको निरन्तर प्रयासको अभावमा यस्ता प्रतिबद्धता साकार हुन सकेका छैनन् । यसै कारण संगठनको उद्देश्य र शिखर सम्मेलनमा प्रतिबद्धताको अपेक्षित प्रभावकारिता देखिन सकेको छैन । संगठनमा आबद्ध मुलुकले साझा समस्याबाट मुक्ति पाउन सकेका छैनन् । भारतले पाकिस्तानलाई आतंकवादको संरक्षकको आरोप लगाउँदै आएको छ भने पाकिस्तानले कस्मिरमाथि भारतले गरेको कब्जाको विरोध गर्दै आएको छ । यिनै दुई परमाणु शक्ति सम्मत राष्ट्रहरूको 'इगो' का कारण सार्कले गति लिन सकेको छैन । न त अध्यक्षका हैसियतले नेपालले १९ औं शिखर सम्मेलन गराउन पहल नै गरेको छ ।

# एमसीसी खारेजीको लागि १३ दलको अपिल

एमसीसीको विरोधमा निरन्तर आवाज उठाइरहेका १३ राजनीतिक दलहरूको गठबन्धनले एक अपिलमार्फत जनतालाई होसियार रहन आह्वान गरेका छन् । एमसीसी-सम्झौता खारेजी आन्दोलन तथा सहभागी पार्टीहरूमा नेकपा (माले), नेकपा क्रान्तिकारी माओवादी, नेपाल कम्युनिष्ट पार्टी, नेपालका लागि नेपाली पार्टी, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल, नेकपा, नेकपा (माओवादी मोर्चा), नेकपा (संयुक्त), नेकपा (माओवादी समाजवादी), जनसमाजवादी पार्टी नेपाल, नेकपा (जनवादी), सर्वहारा कम्युनिष्ट पार्टी माओवादी र नेपालवाद पार्टी रहेका छन् । उक्त अपिलको पूर्ण पाठ यस्तो छ-

एम्सीसी-सम्झौताका समर्थकहरू यसले नेपालमा ३०० किलोमिटर जति लम्वाइको सडकको स्तर उन्नति गर्ने र त्यति जति नै लामो उच्च विद्युत प्रशारण तार टाङ्ने काम गर्न ५० करोड अमेरिकी डलर अनुदान दिन्छ, नेपालीहरूले आफ्नो पैसा खर्च नगरी झिलीमिली विकास पाउनेछन् र यसरी सित्थैमा आइरहेको पैसा छोड्नु हुँदैन भनी करोडौं-करोड रुपैयाँ खर्च गरी निरन्तर प्रचार गरिरहेका छन् । यो ढाँट प्रचारवाजी हो । "साँचो डग्दैन, झुटो टिक्दैन" भनी पुर्खाले दिँदै आएको अर्ति नभुलौं ।

यही भदौ २४ गते एम्सीसीकी उपाध्यक्ष फातिमा जेड सुमार आफ्नो सहयोगी उप-उपाध्यक्ष जोनाथन ब्रुक्ससँग नेपाल आइन । ४ दिन नेपालमा रहँदा उनीहरूले घरघरमा गई वा होटल वा अफिसमा गई वा बोलाई यहाँका संसदीय प्रमुख प्रतिपक्षका नेता, सत्ताधारी गठबन्धनका नेताहरू र प्रधानमन्त्रीसँग भेटवार्ता गरे; एम्सीसी-सम्झौतालाई संसदबाट चाँडै अनुमोदन गर्न फकाउने र जोड दिने काम गरे र एम्सीसीको नेपाल शाखा- "एम्सीए, नेपाल"को पाँचतारे होटलस्थित अफिसमा गई नेपाली करदाताहरूबाट उठाइएको राजस्वबाट मासिक रुपमा लाखौं रुपैयाँ तलब-भत्ता खाने हाकिम कर्मचारीहरूसँग मन्त्रणा गरे; उनलाई निर्देशन दिए । तर देशभक्त नेपाली जनताका विभिन्न पार्टी, संगठन र संस्थाहरू तथा "एम्सीसी-सम्झौता खारेजी आन्दोलन"सँग सम्बद्ध देशभक्त कम्युनिष्ट पार्टीहरू तथा अन्य राष्ट्रवादी संगठन-संस्थाहरूको देशव्यापी कडा विरोध र सत्ताधारी गठवन्धनभित्र बढेको अन्तरविरोधको कारण देउवा सरकारले उक्त सम्झौतालाई तत्काले संसदीय अनुमोदन गर्ने निर्णय गर्न सकेन । फातिमा सुमारको एम्सीसी-सम्झौतालाई तत्कालै संसदीय अनुमोदन गराउने अभिष्ट असफल भयो ।

यो असफलता पछि फातिमा सुमार, एम्सीसी र अमेरिकी सरकारको बोली फेरिन थालेको छ । अब फकाउने मीठा; चिप्ला कुरा होइन, तर्साउने-धम्काउने रुखा, खस्रा बोली सुनिन थालेका छन् : 'तुरुन्त एम्सीसी-सम्झौतालाई संसदीय अनुमोदन गर, नत्र नेपाललाई दिइएका सबैखाले अमेरिकी सहयोग रोकिन्छ; नेपाललाई अन्यत्रबाट प्राप्त हुने वैदेशिक सहयोगलाई पनि अमेरिकाले रोकिदिने छ ।'

देशभक्त आमा-बा, दिदी-बहिनी तथा दाजु-भाइहरू !

नेपालका पूर्वाधार निर्माणमा अमेरिकाको यो कस्तो "निस्वार्थ अनुदान" हो, जस्लाई ग्रहण गर्न नचाहँदा नेपाली जनताले अमेरिकाको सहयोगवन्दी र नाकावन्दीबाट पेलिनुपर्छ ? त्यो कथित "निस्वार्थ अनुदान" लिन किन नेपालको संसदले एम्सीसीसँग भएको राष्ट्रघाती अनुदान सम्झौतालाई अनुमोदन गर्नै पर्छ ? शंका गर्नेपर्ने भएको छ, कहीं त्यो पूर्वाधार निर्माणको कथित "निस्वार्थ अनुदान" बल्छीमा उनिएको चारो र एम्सीसी सम्झौता चाँहि नेपाली जनतालाई थापेको बल्छी त होइन ? चारो खाने लोभ गर्दा हामी बल्छीमा पर्ने त होइनौं ? निम्नोक्त तथ्यहरूमाथि गौर गरौं; तिनले एम्सीसी-सम्झौताको असली चरित्रलाई उजागर गर्नेछन् ।

एम्सीसी-सम्झौतामा निम्न कुरा लेखिएका छन् : (१) उक्त सम्झौतामा रहेका प्रावधान तथा नेपालका संविधान र कानुनमा बाझिएको खण्डमा सम्झौताका प्रावधान नै लागु हुनेछन् । (२) एम्सीसीका पूर्वकर्मचारी वा वहालवाला कर्मचारीले जस्तासुकै फौजदारी अपराध गरे पनि उनीहरूलाई नेपालको कानुन र अदालतले कार्वाही गर्न पाउने छैन; उनीहरू नेपालका कानुन र अदालतबाट उन्मुक्त रहन्छन् । (३) आफ्नो कामको निम्ति भनेर एम्सीसीले ल्याउने जुनसुकै मुलुकका जतिसुकै मानिसलाई पनि नेपालले निशुल्क आवासीय भिसा दिनुपर्छ । (४) एम्सीसीका त्यस्ता मानिसहरूलाई नेपालले १३/१४ वटा करबाट उन्मुक्ति दिनुपर्छ । (५) परियोजनाका सामाग्री भनी एम्सीसीले ल्याउने जति पनि कन्टेनरहरूका सामानको जाँच नेपालले गर्ने छैन (हतियार तथा घातक सामान ल्याउन पनि सकिने) र सामाग्रीमाथि कत्ति पनि भन्सार-महशुल लाग्नेछैन । (६) एम्सीसीले नेपालमा निर्माण गर्ने परियोजनामा भारतको सहमति लिइनुपर्छ । (७) कुनै पनि परियोजनाले चर्चेको नेपाली-भूमि परियोजना अस्तित्वमा रहन्जेल "एम्सीए, नेपाल"को स्वामित्वमा रहनेछ । (८) निर्माण कार्य सम्पन्न भइसके पछि पनि एम्सीसीका परियोजना नेपाल सरकारको जिम्मा लगाउने कुरा संझौतामा उल्लेखित छैन । (९) उक्त परियोजनारुबाट निर्माण हुने संरचनाहरू उपयोगी रहन्जेल तिनीहरू अमेरिकाको हित र सुरक्षाको विपरित प्रयोग हुन पाउने छैनन् । त्यसको सुनिश्चितता गर्न "एम्सीए, नेपाल" अनिश्चित कालसम्म नेपालमा कृयाशील रहनेछ । (१०) एम्सीए, नेपाल नेपालको विकास समिति ऐंन अन्तर्गत गठन हुने र त्यसको प्रमुख अर्थमन्त्रालयका सचिव रहने भए पनि त्यसले नेपाल सरकारको निर्देशनमा होइन, एम्सीसीको निर्देशनमा काम गर्नुपर्छ । (११) नेपालले परियोजनाको लेखा जाँच्न र तिनमा सरकारी कर्मचारी खटाउन पनि एम्सीसीको अनुमति लिनुपर्छ । (१२) एम्सीए, नेपालले कुनै पनि देश वा कम्पनि वा संस्थासँग गरेको सम्झौतालाई नेपाल सरकारले स्वीकार्नुपर्छ । (१३) एम्सीसी अमेरिकाको एम्सीसी ऐंन-२००३ सन्मा गठित निगम हो । त्यसले अमेरिकाका वर्तमान ऐंन मात्र होइन, भविष्यमा बन्ने अमेरिकी कानुनलाई नेपालमा लागु गर्नेछ; नेपालले त्यसलाई स्वीकार्नु पर्छ । (१४) एम्सीसीका उद्देश्य अनुरुप नेपालको आर्थिक नीति पुँजीवादी नवउदारवादी हुनुपर्छ, अमेरिकाले निश्चित गरेका उसका प्रतिद्वन्दी, शत्रु वा मित्रलाई नेपालले पनि त्यस्तै मान्नुपर्छ, आदि ।

एम्सीसी-सम्झौतालाई संसदबाट अनुमोदन गरेपछि त्यो नेपालको कानुन बन्नेछ । माथि उल्लेखित कुरा कानुन बनेपछि उक्त सम्झौता स्वतः नेपालको संविधान र कानुन भन्दा माथि र एम्सीसी नेपाल राज्यमाथि पुग्नेछ । यस प्रकार नेपाल संयुक्त राज्य अमेरिकाको नवउपनिवेशमा परिणत हुने छ र नेपालको भूमिलाई प्रयोग गर्दै संयुक्त राज्य अमेरिकाले आफ्नो घोषित प्रतिद्वन्दी/शत्रु राष्ट्र चीनको विरुद्ध गतिविधि गर्नेछ ।

एम्सीसी अर्थात् "सहस्राब्दी चुनौति निगम" माथि उल्लेखित सन् २००३ को अमेरिकी कानुन अन्तर्गत स्थापना भएको, अमेरिकाले छानेका देशमा उसले स्वीकार गरेका पूर्वाधारहरू निर्माण गर्ने ठेकेदार/लगानीकर्ताहरूको निगम हो । यसको उद्देश्य विश्वब्यापी रुपमा घटिरहेको अमेरिकाको प्रभाव र प्रभूत्वका चुनौतीहरूको सामना गर्नु हो । संयुक्त राज्य अमेरिकाले उदीयमान चीनलाई घेर्न, रोक्न, ठोक्न र तोड्नको निम्ति सन् २०१७ पश्चात् "हिन्द-प्रशान्त रणनीति" लागु गर्न थालेदेखि एम्सीसीलाई यस रणनीतिको अंग वनाउन थालेको हो । सन् २०१७ सेप्टेम्वर १४ तारिख (२०७४ भदौ २९ गते) नेपाल सरकारले एम्सीसीसँग माथि उल्लेखित २ परियोजना बनाउने सम्झौतामा हस्ताक्षर गऱ्यो । त्यसमा नेपालको संसदबाट अनुमोदन गर्नुपर्ने प्रावधान रहेको नभए पनि सन् २०१८ मा एम्सीसीले नेपाल सरकारलाई 'संसदीय अनुमोदन' गर्नुपर्छ भनी पत्राचार गऱ्यो । नेपाल सरकारले परम्परा र दुष्परिणामलाई वास्तै नगरी संसदीय अनुमोदन गर्न स्वीकार गऱ्यो । त्यसपछि एम्सीसी-सम्झौता र त्यसको संसदीय अनुमोदनको सम्बन्धमा नेपालमा गंभीर अध्ययन, छलफल र विवाद हुन थाले । त्यसबाट उक्त सम्झौता नेपालको निम्ति राष्ट्रघाती रहेको निष्कर्ष निकालिएको हो ।

सारांशमा, एम्सीसी-सम्झौता नेपाललाई अमेरिकाको नवऔपनिवेशीक नियन्त्रणमा घिसारेर लाने डोरीमा बाँधिएको बल्छी र पूर्वाधार निर्माणका उपरोक्त दुई परियोजनाहरू बल्छीमा उनिएका चारो जस्ता हुन् । "निस्वार्थ अनुदान" भनिएको बल्छीमा उनिएको उक्त चारोलाई खाने (ग्रहण) गर्ने हो भने अमेरिकाको चंगुलमा फँसी नेपालले आफ्नो शान्ति, स्वतन्त्रता, सार्वभौमसत्ता र अस्तित्व समेत नै गुमाउन सक्नेछ । अतः तमाम धाक, धम्की र डरत्रासलाई चिर्दै एम्सीसी-सम्झौता बहिष्कार गर्ने संघर्षलाई व्यापक र सशक्त रुपले अघि बढाऔं ।

## संविधानका...

थालेको यति थोरै बर्षमा नै यसमा रहेका त्रुटी-कमजोरीका दुष्परिणामहरू राष्ट्रिय जीवनमा देखा परिसकेका छन् । त्यसमाथि प्रधानमन्त्री बन्ने अनुचित होड र बिदेशी शक्तिको चाहनामा संविधानलाई आफ्नो उद्देश्यअनुकुल ब्याख्या गरी संविधानकै ब्याख्याताले नै त्यसलाई विकृत पारेको पनि नेपाली जनताले देखेकै छन् । यस्तो अवस्थामा विदेशी शक्तिको रणनीति अनुकुल संविधान संशोधनको प्रपञ्च समेत साकार पारिने खतरा उत्पन्न भइसकेको छ ।

यस्तो स्थितिमा राष्ट्रका सर्वोपरी हितहरूलाई रक्षा गर्दै र जनताका लोकप्रिय मागहरूको पनि सम्बोधन हुने गरी बर्तमान संविधानलाई आवश्यकता अनुरुप संशोधन गर्ने चेतना र साहस हामी सबैलाई प्राप्त हुन सकोस् भन्ने कामना गर्दै ज्वलन्त राष्ट्रिय समस्याहरूको देशमुखी समाधानका अजेण्डाहरूको निम्ति संघर्ष गर्दै देशभक्त प्रगतिशील लोकतान्त्रिक वैकल्पिक शक्तिको निर्माणमा अग्रसर हुनको निम्ति सम्पूर्ण देशवासीहरूमा सादर अपील पनि गर्दछौं ।'

## कम्युनिस्ट...

२०१७ सालमा भारतको दरभंगामा पार्टीको विस्तारित बैठकले रायमाझीलाई कारबाही गऱ्यो । कम्युनिस्ट आन्दोलनमा यहींबाट फुट सुरु भयो । २०१९ सालमा बनारसमा भएको तेस्रो महाधिवेशनले तुलसीलाल अमात्यलाई महासचिव निर्वाचित गऱ्यो । नेताहरूबीचको तीव्र टकरावले २०२३ सालसम्म कम्युनिस्ट पार्टी अस्तित्व नै समाप्त हुने स्थितिमा पुग्यो ।

पूर्व मेची प्रान्तीय कमिटी स्थापना भयो । अर्कोतिर रायमाझीको समूह छुट्टियो । २०२५ सालमा पुष्पलालको नेतृत्वमा पार्टी पुनर्गठनको प्रयास भयो । उनकै नेतृत्वमा नयाँ केन्द्रीय कमिटी गठन भयो । २०२८ सालमा नेपाल कम्युनिस्ट आन्दोलनका अर्का दुईवटा लाइन देखा परे । झापा जिल्ला कमिटी र केन्द्रीय न्युक्लियस । पुष्पलालको पार्टी भने यी दुवै लाइनको पक्षमा देखा परेन । झापा जिल्ला कमिटीको नेतृत्व सीपी मैनालीले गर्थे भने केन्द्रीय न्युक्लियसको नेतृत्व मोहनविक्रम सिंहले गर्थे । यी दुई समूहबीच लामो समयसम्म ध्रुवीकरण रह्यो । तर यी दुई समूह पनि फुट्दै दर्जनौं ससाना समूहमा विभाजित छन् ।

२०३५ सालमा कम्युनिस्ट पार्टीका संस्थापक नेता पुष्पलालको निधनपछि मदन भण्डारी, मोदनाथ प्रश्रित, वामदेव गौतमसहित नेताहरूले छुट्टिएर मुक्तिमोर्चा बनाए । यता झापाको सीपी मैनाली लगायतको विद्रोही समूहले अखिल नेपाल कोअर्डिनेसन कमिटी बनाएको थियो । दुवै समूह मिलेर २०३५ पुस १ गते सीपी मैनालीको नेतृत्वमा नेकपा (माले) गठन भयो । त्यहींबाट हालको एमाले र मालेको इतिहास सुरु भएको मानिन्छ । मनमोहन अधिकारीले नेपाल कम्युनिस्ट पार्टी (मनमोहन) नामक आफ्नो छुट्टै पार्टी खोले । ०४३ सालमा मनमोहनको पार्टीसँग सहाना प्रधान नेतृत्वको समूहसँग एकता भयो र नेकपा मार्क्सवादी बन्यो ।

०४९ मा मार्क्सवादीसँग मालेको एकता भयो । मालेको पाँचौं महाधिवेशनले मदन भण्डारीलाई महासचिव चयन गरिसकेको थियो । मार्क्सवादीसँग एकतापछि पार्टीको नाम एमाले बन्यो । २०५० जेठ ३ मा मदन भण्डारीको दासढुंगा दुर्घटनामा निधन भएपछि माधवकुमार नेपाल महासचिव बने । महाकाली सन्धिलाई लिएर एमालेमा तीव्र विवाद भयो । ०५४ मा एमाले विभाजन भयो । वामदेव, सहाना प्रधान, सीपी, आरकै मैनालीहरूले नेकपा माले ब्युँताए । ०५८ मा वामदेव एमालेमा मिसिए । तर सीपी मैनालीले भने आफ्नो नेतृत्वमा माले पार्टी अघि बढाए । जुन अहिले राष्ट्रवादी कम्युनिस्ट पार्टीको रुपमा चर्चित छ । २०७५ जेठ ३ मा एमाले र माओवादी केन्द्रबीच एकता भएर नेकपा बन्यो । नेकपाभित्र केपी ओली, प्रचण्ड र माधव नेपालबीच मतमतान्तर भइरहेकै बेला २०७७ फागुन २६ गते सर्वोच्चको फैसलाअनुसार नेकपा एकता बदर भयो । एमालेभित्र ओली र नेपालको टकरावले एमाले पुनः विभाजन भयो । नेपाल समूहले २०७८ भदौ २ मा नेकपा एकीकृत समाजवादी पार्टी गठन भयो ।

## पदक...

तक्मा पाउने अवसर बढी हुन्थ्यो । यो लेखकले आफैं यस्ता कुरा देखेको भोगेको छ । पहिलोचोटि लेबनान जाँदा त्यहाँ नेपाल र युएनको नाम राख्ने गरी अत्यन्त महत्वपूर्ण कार्य गरिएको थियो । दुई परस्पर विरोधी विद्रोहीहरू जसले हतियार र ट्याँकसहित लड्न आएका दुई समूहबीच निडरतापूर्वक बसेर उनीहरूलाई आ-आफ्ना क्षेत्रमा फर्काएको थिएँ । युएनले जिम्मा लिएको गाउँमा हतियारधारी विद्रोही पस्न रोकेर स्थानीय जनतालाई सुरक्षित राखेर युएनको छविलाई बचाएको थियो । त्यतिखेरका लेबनानमा हुने हाकिमहरूले मेरो सराहना गरेर नेपालमा गएपछि तक्मा दिलाइ दिने आश्वासन समेत दिएका थिए । तर नेपाल पुगेपछि उनीहरूले सम्झेनन् ।

२०४६ सालको जनआन्दोलन बढ्दै गएपछि उपत्यका बाहिर बुटवलमा कर्फ्यु लाग्यो । त्यतिखेर मलाई कमाण्डर बनाएर ३६ घण्टा लगातार खटाइयो । कर्फ्यु राम्रोसँग शान्तिपूर्वक सम्पन्न भयो । एउटासम्म गोली चलाइएन । इमर्जेन्सी परेका मानिसको हर्कत रोकिएन । सबै खुसी भए । मैले राम्रोसँग कार्य सम्पन्न गरेको कारण मेरा हाकिमले तक्मा पाए तर मलाई केही दिइएन । मैले आस गरेको पनि थिएन । तर मेरा हाकिमले भने तिमीले राम्रो काम गरेकोले चिफसाबले मलाई तक्मा बक्सियो । अर्कोपल्ट म तिम्रो लागि बोल्छु भने तर अर्को बर्ष उनी सरुवा भएर अन्यत्र गइसकेका थिए ।

सेनाको एउटा ब्यारेकमा चिफसाबका छोरा कार्यरत थिए । उनलाई त्यतिखेर तक्माबाट विभूषण गरियो तर उनले कुनै उल्लेखनीय कार्य गरेका थिएनन् । एकपटक शिवपुरी ब्यारेकमा रहेका हाकिमले कुनै पनि तक्मा पाएका थिएनन् । त्यहाँ कार्यरत एकजना जुनियर अधिकृतले तक्मा पाए जसले गतिलो कामसमेत गरेका थिएनन् । तर उनका दाजु चिफसाबको नजिकमा थिए । केहीपछि तिनै हाकिमलाई अर्को एकजना निकै बलियो शोर्षवाला व्यक्तिको साथमा बसेर काम गर्ने अवसर मिल्यो । त्यसपछि उनले धमाधम तक्मा विभूषण पाए । यस्ता घटनाहरू सेनामा मात्र होइन, प्रहरी, निजामति, सार्वजनिक पदमा बस्ने या नबस्ने सबैमा घटित भइरहेका छन् ।

यसरी तक्मा विभूषण पाउनेले आफ्नो फुर्तिफार्ती समाजमा देखाउँछन् । हरेक वर्ष यसको अवमूल्यन भइरहेको छ । पंचायती व्यवस्थामा चाकडी र कोशेलीबाट तक्मा पाउनेहरू बहुदलीय व्यवस्थादेखि लोकतन्त्र आउँदा समेत तिनै धुर्तहरूले यसको फाइदा लिइरहेका देखिन्छन् । जो व्यक्ति यस्ता तक्मा विभूषण पाउन सफल भइरहेका छन्, तिनै व्यक्तिहरूले पदोन्नति र भनेको ठाउँमा नियुक्ति पाउने कर्मचारी छन् । सही मानिसले तक्मा र पदोन्नति पाउनेहरू अवसर धेरै गुम्दै गइरहेको छ ।

यस्ता राष्ट्रिय विभुति पाउने व्यक्ति समाज र राष्ट्रको लागि उल्लेख्य कार्य गरेका तथा आफ्नो विभागमा पनि उच्चस्तरको मर्यादा भएका नैतिकवान हुनुपर्छ । यस्ता विभूषणको संख्या सीमित हुनुपर्छ । जसले यसको महत्व सधैंलाई कायम होस् । भारतलगायत अन्य देशमा यस्ता विशिष्ट विभूषण पाउने व्यक्तिको नाम टिभी र रेडियोमा आउँदासमेत सबै जनताले तारिफ गर्छन् । तर नेपालमा तक्मा पाउनेप्रति घृणा गर्ने अवस्था क्रमशः बढ्दैछ । सरकारमा बस्ने, नेता, तथा नीति निर्माताको तहमा बस्ने वरिष्ठ कर्मचारीले यस कुरालाई गम्भीरतापूर्वक मनन गरुन् र नयाँ नीति बनाउन् जसले तक्मा विभूषणको मर्यादा बढाउने कार्य गरोस् ।

## कालोधन...

त्यो अवस्थापछि देशमा भ्रष्टाचारको अवस्था के होला अनुमान गर्न सकिन्छ । अर्को अन्तर्राष्ट्रिय क्षेत्रले आतंकवादी क्रियाकलापमा लगानी भएको रकम पनि यसभित्र पर्ने मानेको छ । अन्तर्राष्ट्रिय संस्थाहरूसँग नेपाल आबद्ध छ । फाइनान्सियल एक्सन टास्क फोर्स एसिया प्यासेफिक ग्रुपको नेपाल सदस्य राष्ट्र हो । यो व्यवस्था खारेज गरिएन भने नेपालले यस्तो सदस्यता छाड्नुपर्ने छ र लगानीका हिसाबमा पनि नेपाल एक्लिने खतरा बढ्नेछ ।

## प्रतिष्ठानबाट...





इरेजर र कलम प्राप्त गरे भने ११ जना कम गरिब जेहेन्दार छात्रछात्राले रु. १३०० को विद्यालय पोसाक प्राप्त गरे । दुवै थरी छात्रवृत्ति गरी प्रतिष्ठानले रु. २ लाख ६५ हजारको चेक विद्यालयलाई प्रदान गऱ्यो । उक्त चेक तथा सम्पूर्ण सामग्रीहरू प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले एक समारोहबीच वितरण गर्नुभएको थियो ।